लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा वर्गीकृत

Naya Bimarsha Weekly

वर्ष १९, अंक ४५, २०८३ असार १२ गते शुक्रबार (June 26, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com


## क्रियाशील सदस्यता अद्यावधिक नगर्नेलाई पार्टीले नचिन्ने



काठमाडौं/ नेपाली काँग्रेसमा सर्वाधिक चर्चाको शिखरमा रहेका पार्टी सभापति गगन थापाले क्रियाशील सदस्यता अद्यावधिक नगर्नेहरुलाई पार्टीले सदस्यका रुपमा नचिन्ने बताएका छन् ।

काँग्रेसको क्रियाशील सदस्यता अद्यावधिक गर्ने म्याद यही असार २० गतेसम्म मात्र रहेको छ । सभापति थापाको यो अभिव्यक्ति पछि कोदे समूह (कोइराला-देउवा) मा हलचल मच्चिएको खबर प्राप्त भएको छ । यसका अलावा विगतमा वडा, नगर, क्षेत्र र जिल्लै नटेकी महाधिवेशनमा आफ्नो हैकम जमाइरहेकाहरुको निद हराम बनेको चर्चा चलेको छ । काँग्रेसको १५औं महाधिवेशनमा वडा,

बाँकी ७ पृष्ठमा

# महाधिवेशनमा विभाजनको बिज

## रवि हत्याउँदै

## बालेन पर्खेर हेर्दै

चितवन/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो महाधिवेशन चितवनमा जारी छ । पार्टी नेतृत्वले यसलाई केवल संगठनात्मक जमघट नभई नयाँ राजनीतिक संस्कृतिको अभ्यास, वैचारिक स्पष्टताको खोजी र भावी नेतृत्वको मार्गचित्र कोर्ने ऐतिहासिक अवसरका रूपमा प्रस्तुत गरेको छ । महाधिवेशनका गतिविधिहरू, प्रतिनिधिहरूका प्रतिक्रिया, उम्मेदवारी प्रक्रियामा देखिएको प्रतिस्पर्धा, नेतृत्व वरिपरि विकसित हुँदै गएको मनोविज्ञान तथा उद्घाटन समारोहमा देखिएका घटनाक्रमले भने अर्को कथा पनि सुनाउन थालेका छन् ।

औपचारिक रूपमा हेर्दा महाधिवेशन सभापति रवि लामिछानेलाई पुनः नेतृत्वमा स्थापित गर्ने, संगठनलाई पुनर्संरचना गर्ने र आगामी निर्वाचनका लागि पार्टीलाई तयार पार्ने उद्देश्यमा केन्द्रित देखिन्छ । अनौपचारिक बहसहरूमा भने पार्टीको भविष्य, नेतृत्वको उत्तराधिकार, बालेन्द्र शाह (बालेन) को भूमिका, वैचारिक दिशा तथा आन्तरिक शक्ति सन्तुलन नै मुख्य विषय बनेका छन् ।

महाधिवेशन स्थलमा उपस्थित प्रतिनिधिहरूबीच एउटा प्रश्न बारम्बार सुनिन्छ कि रास्वपा आखिर कुन दिशामा जाँदै छ ? यही प्रश्नले महाधिवेशनको बहसलाई केवल नेतृत्व चयनको प्रक्रियामा सीमित नराखी पार्टीको भविष्यसँग जोडिदिएको छ ।



### रविको निरन्तरता, बालेनको प्रतीक्षा

महाधिवेशन शुरु हुनुअघि नै सभापति पदमा रवि लामिछानेको विकल्प देखिएको थिएन । पार्टीभित्र उनको राजनीतिक प्रभाव, संगठनमाथिको नियन्त्रण तथा कार्यकर्तामाझको लोकप्रियताका कारण उनी पुनः सभापति बन्ने लगभग निश्चित मानिएको छ । यस पटक महाधिवेशनमा अर्को नाम पनि निरन्तर चर्चामा रह्यो कि प्रधानमन्त्री बालेन्द्र शाहको ।

बालेन कुनै साधारण नेताको रूपमा होइन, पार्टीको सम्भावित भावी नेतृत्वको प्रतीकका रूपमा चर्चामा छन् । पार्टीभित्रको एउटा ठूलो पंक्तिले बालेनलाई आगामी दशकको राष्ट्रिय राजनीतिको केन्द्रबिन्दुका रूपमा हेर्न थालेको छ । महाधिवेशनका क्रममा बालेन स्वयं निकै संयमित देखिए । उनले प्रत्यक्ष रूपमा कुनै शक्ति प्रदर्शन गर्ने प्रयास गरेनन् । न त आफ्ना पक्षधरहरूको छुट्टै प्रदर्शन नै देखियो । महाधिवेशनस्थलमा हुने अधिकांश राजनीतिक विश्लेषण अन्ततः बालेनमै पुगेर टुङ्गिने गरेको छ ।

एक प्रतिनिधिका रुपमा आएका एस.सापकोटाले टिप्पणी गर्दै 'नयाँ विमर्श' सँग भने, "रवि अहिलेका नेता हुन्, बालेन भोलिका नेता हुन् भन्ने धारणा धेरैमा देखिन्छ । यही कारण पनि महाधिवेशनको प्रत्येक निर्णयलाई मानिसहरूले त्यो दृष्टिकोणबाट हेर्न थालेका छन् ।"

### केन्द्रीय सदस्यमै धेरै भिडन्त

महाधिवेशनको सबैभन्दा रोचक पक्ष केन्द्रीय सदस्य पदमा देखिएको असाधारण प्रतिस्पर्धा हो । यसको मुख्य कारण पार्टीको विधान हो । विधानअनुसार निर्वाचित केन्द्रीय सदस्यहरूमध्येबाट मात्रै पदाधिकारी चयन गरिने व्यवस्था छ । त्यसैले सभापति, उपसभापति वा महामन्त्रीभन्दा पनि केन्द्रीय सदस्यको चुनावलाई धेरैले वास्तविक शक्ति संघर्षको रूपमा हेरेका छन् । हिजो विहीबार भएको केन्द्रीय सदस्यको निर्वाचनले केही चर्चित अनुहारलाई हराई दिँदा उनीहरु पदाधिकारी बन्नबाट वंचित बन्ने अवस्था आएको छ ।

कतिपय उम्मेदवारहरू आफ्नो क्षेत्रीय प्रभावका आधारमा मैदानमा उत्रिएका छन् भने केही उम्मेदवारहरूलाई विशेष नेताको निकट मानिने गरेको छ । यही कारण चुनावी प्रतिस्पर्धामा संगठनात्मकभन्दा पनि राजनीतिक सन्देश खोज्न थालिएको छ ।

एक प्रतिनिधिले भने, "यहाँ केन्द्रीय सदस्य जित्नु भनेको भोलिको शक्ति केन्द्रमा प्रवेश गर्नु हो । त्यसैले सबैको ध्यान त्यतै छ ।"

### आधुनिक दाबी, अव्यवस्थाको चर्चा

रास्वपाले महाधिवेशनअघि यसलाई नेपालको सबैभन्दा व्यवस्थित र प्रविधिमैत्री महाधिवेशन बनाउने दाबी गरेको थियो । डिजिटल व्यवस्थापन, पारदर्शी प्रक्रिया र आधुनिक निर्वाचन प्रणालीको प्रचार गरिएको थियो । महाधिवेशन शुरु भएपछि भने प्रतिनिधि दर्ता, बसोबास, कार्यक्रम व्यवस्थापन तथा सूचना प्रवाहलाई लिएर गुनासाहरू सुनिन थालेका थिए ।

कतिपय प्रतिनिधिहरूले समयमै जानकारी नपाएको गुनासो गरे । कतिपयले

बाँकी ७ पृष्ठमा

## सडक विभागका डिडीजीले दिए राजीनामा



काठमाडौं/ सरकारले ५७ वर्ष उमेर वा ३० वर्ष सेवावधि पूरा गरेका कर्मचारीलाई अनिवार्य अवकाशमा पठाउने गरी संघीय निजामती सेवा ऐन ल्याउन लागेपछि कर्मचारीहरुले धमाधम जागिर छाड्न र राजीनामा गर्न थालेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रा.स्व.पा.) को चितवनमा भैरहेको महाधिवेशन समाप्त भएपछि प्रतिनिधि सभाको बैठक बस्ने र बैठक समाप्त भएपछि अध्यादेशमार्फत निजामती ऐन ल्याउने तयारी सरकारले गरेको छ । यसैक्रममा सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै सडक विभागमा कार्यरत प्राविधिक सहसचिव (सुई) प्रभात झाले राजीनामा दिएका छन् । झा हाल सडक विभागको योजना महाशाखामा कार्यरत छन्, उनको राजीनामा स्वीकृत नभएको श्रोतले बताएको छ । सु.ई. झा २०७७ सालमा हालको पदमा बढुवा भएका थिए । उनी वि.सं. २०९६ सालमा अनिवार्य हुँदै थिए र सडक विभागमा वरिष्ठताका हिसाबले अब महानिर्देशक बन्ने सूचीमा रहेका थिए ।

सुई झालाई अनावश्यक कुरामा अडान राखी समस्याको समाधान गर्न नसक्ने व्यक्ति भनी आरोप लगाइएको छ । यसअघि सुई झाले

बाँकी ७ पृष्ठमा

## एमाले भित्र लफडै लफडा

ललितपुर/ नेपालको सबैभन्दा ठूलो कम्युनिष्ट दलमध्येको एक नेपाल कम्युनिष्ट पार्टी (एमाले) भित्र पछिल्लो समय नेतृत्व, उत्तराधिकार र शक्ति-सन्तुलनबारे बहस फेरि तीव्र बन्न थालेको छ । अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको नेतृत्व अझै पनि पार्टीभित्र निर्णायक देखिए पनि दोस्रो तहका नेताहरूको भूमिका, भावी नेतृत्वको प्रश्न र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको बेलाबेलाको राजनीतिक सक्रियताले एमालेभित्र नयाँ प्रकारको चर्चा जन्माइरहेको छ ।

राजनीतिक वृत्तमा लामो समयदेखि एउटा प्रसंग सुनिने गरेको छ । तात्कालीन राजनीतिक संकटका क्रममा अध्यक्ष ओलीमाथि राज्य संयन्त्र प्रयोग गरेर कारबाही हुन सक्ने आशंका बढेको बेला उनले पार्टीका उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई आफ्नो पक्षमा विज्ञप्ति जारी गर्न आग्रह गरेको तर पौडेल त्यसमा पूर्ण रूपमा सहमत नभएको चर्चा हुने गरेको छ । यो प्रसंगबारे आधिकारिक पुष्टि सार्वजनिक रूपमा भएको छैन तर एमालेभित्र ओली र पौडेलबीच सम्बन्ध सधैं सहज मात्र नभएको संकेतका रूपमा यसलाई कतिपय नेताहरूले व्याख्या गर्ने गरेका छन् ।

यता, पौडेलमाथि विभिन्न समयमा सम्पत्ति, आर्थिक कारोबार र सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित आरोपहरू सार्वजनिक बहसको विषय बन्ने

बाँकी ७ पृष्ठमा

## रास्वपाको महाधिवेशनमा भाँडभैलो र आकांक्षीको भीड

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीको चितवनमा भएको र ऐतिहासिक भनिएको प्रथम महाधिवेशनमा भाँडभैलो भएको बताइएको छ । पार्टी स्थापना दिवसको अवसर पारेर गत असार ७ गतेबाट ९ गतेसम्म चल्ने भनिएको महाधिवेशन व्यवस्थापकीय कमजोरीका कारण लम्बिन पुगेको छ । खासगरी स्थानीय तहबाटै छनौट भएर आएका प्रतिनिधिहरुको नामावली आफ्ना मान्छेहरुको नाम थप्न नेताहरुले चलखेल गरेपछि हात हालाहालको अवस्था श्रृजना भएको थियो ।

निलो क्रान्तिको उद्गमस्थल भनिएको चितवनमा भैरहेको महाधिवेशनमा रास्वपा सांसद अमरेश कुमार सिंहले भाग नै नलिई विद्रोह गरेका छन् । सांसद सिंह उपसभापतिका आकांक्षी थिए तर उक्त पद नपाएपछि असन्तुष्ट बनेको श्रोतले बताएको छ । चितवनको उखरमाउलो गर्मीको परवाह नगरी अतिथि बनेर गएका काँग्रेस सभापति गगन थापाप्रति रास्वपा सांसद एवं रौद्ररुपी खगेन्द्र सुनुवारको टिप्पणी र एमाले उपमहासचिव प्रदीप ज्ञवालीप्रति गरिएको हुटिङ्गले पार्टीको राजनीतिक संस्कारमाथि नै गम्भीर प्रश्नचिन्ह खडा भएको छ ।

यसैगरी रास्वपा सांसद आशिका तामाङ्ग निजी




बाउन्सरहरुको घेरामा महाधिवेशनस्थल प्रवेश गरेपछि पार्टीको अनुशासन र आन्तरिक लोकतन्त्रको धज्जी उडेको जानकारहरुले बताएका छन् । महाधिवेशनस्थलमा पार्टीको असन्तुष्ट कार्यकर्ताहरुले सरकारको तीन महिनाको काम कारवाहीप्रति प्रश्न उठाउँदै नाराबाजी समेत गरेका थिए । बाहिर राम्रो देखिए पनि भित्र भद्रगोल मच्चिएको, परिचय पत्र वितरणमा क्यू.आर. कोडमा समस्या, कतिपयको दोहोरो नामावली लगायतका समस्याले बन्द शत्र

बाँकी ७ पृष्ठमा

## हकदैया, हदम्याद र क्षेत्राधिकारको विश्लेषण



प्रसङ्गवश

कौशल कुमार भट्टराई

कुनै पनि सभ्य, लोकतान्त्रिक र विधिको शासनमा आधारित राज्यको पहिचान त्यहाँको न्याय प्रणालीबाट हुन्छ । राज्यले नागरिकलाई विभिन्न अधिकार प्रदान गर्दछ, तर अधिकार प्रदान गर्नु मात्र पर्याप्त हुँदैन । ती अधिकारको प्रभावकारी संरक्षणका लागि न्यायिक संयन्त्र पनि आवश्यक पर्दछ । न्यायालय नागरिकका अधिकारको अन्तिम संरक्षकका रूपमा स्थापित संस्था हो । प्रत्येक विवाद स्वतः अदालतको विचाराधीन बन्न सक्दैन । अदालतमा प्रवेश गर्न र न्यायिक उपचार प्राप्त गर्न केही आधारभूत कानूनी सर्तहरू पूरा गर्नुपर्ने हुन्छ । यिनै सर्तहरूमध्ये हकदैया, हदम्याद र क्षेत्राधिकार सबैभन्दा महत्वपूर्ण मानिन्छन् ।

कानूनी विवादको शुरुवाती चरणमै अदालतले सामान्यतः सोधिने तीनवटा प्रश्न हकदैया, हदम्याद र क्षेत्राधिकार हो । मुद्दा गर्ने व्यक्तिसँग हकदैया छ कि छैन ? मुद्दा कानूनले तोकेको समयभित्र दायर गरिएको छ कि छैन ? मुद्दा हेर्ने अधिकार सम्बन्धित अदालतलाई छ कि छैन ? यी प्रश्नहरूको सकारात्मक उत्तर प्राप्त भएमा मात्र अदालत विवादको वास्तविक विषयबस्तुमा प्रवेश गर्दछ । यदि यीमध्ये कुनै एक आधार अनुपस्थित छ भने मुद्दा प्रारम्भिक अवस्थामै खारेज हुन सक्छ । यही कारणले हकदैया, हदम्याद र क्षेत्राधिकारलाई न्यायिक प्रक्रियाको मेरुदण्डका रूपमा लिइन्छ ।

नेपालको संविधान, विभिन्न कानून तथा सर्वोच्च अदालतका नजीरहरूले यी अवधारणालाई निरन्तर व्याख्या र विकास गर्दै आएका छन् । समयसँगै न्यायिक सोच परिवर्तन भएको छ । विशेषतः सार्वजनिक सरोकारका मुद्दा, मानव अधिकार, वातावरणीय न्याय तथा संवैधानिक उपचारको क्षेत्रमा यी अवधारणाको परम्परागत व्याख्या विस्तार भएको पाइन्छ । त्यसैले हकदैया, हदम्याद र क्षेत्राधिकारको अध्ययन केवल कानूनी सिद्धान्तको अध्ययन मात्र नभई न्यायिक दर्शन, संवैधानिक शासन र न्यायमा पहुँचको अध्ययन पनि हो ।

### हकदैयाको अवधारणा

हकदैया (Locus Standi) भन्नाले कुनै व्यक्ति, संस्था वा निकायले अदालतमा उपस्थित भई आफ्नो अधिकार वा हितको संरक्षणका लागि कानूनी उपचार माग्न पाउने योग्यता वा

बाँकी ७ पृष्ठमा




लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# नाटक लेखन कला : इतिहासदेखि सिर्जनासम्म

मानव सभ्यताको विकाससँगै मानिसले आफ्ना भावना, अनुभव, कल्पना र विचारहरूलाई अभिव्यक्त गर्ने विभिन्न माध्यमहरूको विकास गऱ्यो। कहिले उसले गीत गाएर आफ्ना भावनाहरू व्यक्त गऱ्यो, कहिले कविता लेख्यो, कहिले कथा र उपन्यास सिर्जना गऱ्यो। जब उसले जीवनका घटना, संघर्ष, सुख-दुःख, प्रेम, विछोड, अन्याय र विद्रोहलाई पात्रहरूको अभिनयमार्फत प्रत्यक्ष रूपमा प्रस्तुत गर्न थाल्यो, तब नाटकको जन्म भयो। यही कारणले नाटकलाई साहित्यको सबैभन्दा जीवन्त, प्रभावकारी र जनप्रिय विधा मानिन्छ। कविता पढ्न सकिन्छ, कथा सुन्न सकिन्छ, उपन्यास कल्पनामा अनुभव गर्न सकिन्छ, तर नाटक भने एकैसाथ देख्न, सुन्न र अनुभव गर्न सकिन्छ। त्यसैले नाटकलाई प्रायः "दृश्य साहित्य" वा "दृश्य काव्य" पनि भन्ने गरिन्छ।

नाटक केवल मनोरञ्जनको माध्यम मात्र होइन। यसले समाजलाई ऐना देखाउँछ, मानिसलाई सोच्न बाध्य बनाउँछ, विकृति र विसंगतिमाथि प्रश्न उठाउँछ र परिवर्तनको प्रेरणा दिन्छ। कुनै बेला राजाहरूका दरबारमा मनोरञ्जनका लागि मञ्चन गरिने नाटक आज सामाजिक चेतना, राजनीतिक जागरण, सांस्कृतिक संरक्षण र शैक्षिक विकासको सशक्त माध्यम बनेको छ। यही कारणले नाटक साहित्य, समाज र संस्कृतिको अभिन्न अङ्गका रूपमा स्थापित भएको छ।




सरल भाषामा भन्नुपर्दा, अभिनय गरेर प्रस्तुत गर्न सकिने साहित्यिक रचना नै नाटक हो। कथा वा उपन्यासमा लेखकले घटनाहरूको वर्णन गर्छन्, तर नाटकमा पात्रहरू आफैं बोल्छन्, हाँस्छन्, रुन्छन्, झगडा गर्छन्, प्रेम गर्छन् र आफ्ना संवाद तथा व्यवहारमार्फत कथालाई अगाडि बढाउँछन्। त्यसैले नाटकमा वर्णनभन्दा संवादको महत्व बढी हुन्छ। नाटकको मूल शक्ति भनेकै पात्रहरूको जीवित उपस्थिति र उनीहरूबीचको द्वन्द्व हो।

नाटकको इतिहास निकै पुरानो छ। विश्व साहित्यमा प्राचीन ग्रीसलाई नाटकको जन्मस्थल मानिन्छ। करिब दुई हजार पाँच सय वर्षअघि ग्रीसमा धार्मिक उत्सवका अवसरमा गरिने सामूहिक गायन, नृत्य र अभिनयबाट नाटकको विकास भएको मानिन्छ। त्यहाँका महान् नाटककारहरूले दुःखान्त र सुखान्त नाटकहरूको परम्परा स्थापना गरेका थिए। यता पूर्वीय साहित्यमा भने नाट्यकलाको इतिहास अझ व्यवस्थित रूपमा विकसित भएको पाइन्छ। भरतमुनिद्वारा रचित नाट्यशास्त्र संसारकै पहिलो व्यवस्थित नाट्यग्रन्थ मानिन्छ। यस ग्रन्थमा अभिनय, मञ्च सजावट, संवाद, रस, भाव, सङ्गीत र नाट्यकला सम्बन्धी विस्तृत सिद्धान्तहरू प्रस्तुत गरिएको छ। आज पनि नाट्यशास्त्रलाई नाट्यकलाको आधारग्रन्थका रूपमा अध्ययन गरिन्छ।

नेपालमा पनि नाटकको इतिहास निकै समृद्ध छ। प्रारम्भिक चरणमा संस्कृत नाटकहरूको प्रभाव रहेको भए पनि पछि नेपाली भाषामा मौलिक नाटकहरू लेखिन थाले। धार्मिक र पौराणिक कथाहरूबाट शुरु भएको नेपाली नाटकले विस्तारै सामाजिक यथार्थ, राष्ट्रियता, राजनीतिक चेतना र मानवीय संवेदनाहरूलाई समेट्न थाल्यो। विशेष गरी आधुनिक नेपाली साहित्यको विकाससँगै नेपाली नाटकले नयाँ दिशा प्राप्त गऱ्यो।

नेपाली नाट्यसाहित्यको विकासमा धेरै साहित्यकारहरूको महत्वपूर्ण योगदान रहेको छ। बालकृष्ण समलाई नेपाली नाटकका शिखर व्यक्तित्वका रूपमा लिइन्छ। उनलाई "नेपाली शेक्सपियर" समेत भनिन्छ। उनका मुकुन्द इन्दिरा, अमरसिंह र भीमसेनको अन्त्य जस्ता नाटकहरूले नेपाली नाट्यसाहित्यलाई नयाँ उचाइमा पुऱ्याएका छन्। त्यस्तै गोपालप्रसाद रिमालले नेपाली नाटकमा आधुनिक चेतनाको विकास गरे भने विजय मल्लले मनोवैज्ञानिक विषयबस्तुलाई नाटकमा प्रवेश गराए। अशेष मल्लले सडक नाटकलाई लोकप्रिय बनाए भने सरुभक्तले समकालीन समाजका विविध विषयलाई नाटकमार्फत प्रस्तुत गरे। लक्ष्मीप्रसाद देवकोटाले पनि नेपाली नाटकको विकासमा उल्लेखनीय योगदान दिएका छन्।

नेपाली साहित्यमा अनेक कालजयी नाटकहरू सिर्जना भएका छन्। मुकुन्द इन्दिरा, भीमसेनको अन्त्य, मसान, मालती मंगले, यमपुरीको यात्रा, बोक्सी, सडकदेखि सडकसम्म लगायतका नाटकहरू नेपाली रंगमञ्चका महत्वपूर्ण उपलब्धि मानिन्छन्। यी नाटकहरूले नेपाली समाजका विविध पक्षहरूलाई चित्रण गर्नुका साथै साहित्यिक चेतनालाई पनि समृद्ध बनाएका छन्।

नाटकका विभिन्न प्रकारहरू छन्। कथाको अन्त्यका आधारमा नाटक दुःखान्त र सुखान्त हुन सक्छ। दुःखान्त नाटकमा अन्त्य दुःखद हुन्छ भने सुखान्त नाटकमा न्याय, प्रेम वा सत्यको विजय हुन्छ। हास्य नाटकले मनोरञ्जन प्रदान गर्छ भने सामाजिक नाटकले समाजका समस्या र चुनौतीहरूलाई उठाउँछ। ऐतिहासिक नाटकले इतिहासका घटना र पात्रहरूलाई जीवन्त बनाउँछ भने पौराणिक नाटक धार्मिक कथामा आधारित हुन्छ। यिनका अतिरिक्त एकाङ्की, बालनाटक, रेडियो नाटक, प्रयोगात्मक नाटक, सडक नाटक र प्रहसन पनि नाटकका लोकप्रिय विधाहरू हुन्।

विशेष गरी सडक नाटक आधुनिक समयको प्रभावकारी विधा बनेको छ। सडक, चोक, विद्यालय वा सार्वजनिक स्थलमा मञ्च सजावटबिना प्रस्तुत गरिने यस्ता नाटकहरू जनचेतना फैलाउन अत्यन्त प्रभावकारी मानिन्छन्। भ्रष्टाचार, बालविवाह, लैङ्गिक हिंसा, सरसफाइ, वातावरण संरक्षण, मानव अधिकार र सामाजिक न्यायजस्ता विषयमा सडक नाटकहरू व्यापक रूपमा प्रयोग गरिन्छन्। त्यस्तै प्रहसनले हास्य र व्यङ्ग्यमार्फत समाजका विकृतिमाथि चोट पुऱ्याउँछ। दर्शकलाई हँसाउँदै गम्भीर सन्देश दिन सक्ने भएकाले प्रहसन नेपाली रंगमञ्चमा निकै लोकप्रिय छ।

नाटकका आधारभूत तत्वहरूमा कथाबस्तु, पात्र, संवाद, द्वन्द्व, परिवेश र उद्देश्य पर्दछन्। कथाबस्तु नाटकको मेरुदण्ड हो भने पात्रहरू त्यसका प्राण हुन्। संवादले पात्रहरूको विचार र भावनालाई अभिव्यक्त गर्छ। द्वन्द्वले कथालाई रोचक बनाउँछ र दर्शकको उत्सुकता कायम राख्छ। परिवेशले कथा घट्ने समय, स्थान र वातावरणलाई चित्रण गर्छ भने उद्देश्यले नाटकको मूल सन्देश निर्धारण गर्छ।

नाटक लेख्न चाहने व्यक्तिका लागि सबैभन्दा महत्वपूर्ण कुरा भनेको जीवनलाई नजिकबाट बुझ्नु हो। वास्तवमा नाटक पुस्तकबाट मात्र जन्मिँदैन, जीवनबाट जन्मिन्छ। समाजका घटना, मानिसका व्यवहार, सम्बन्धका जटिलता, संघर्ष, आशा, निराशा, सफलता र असफलताले नै नाटकको विषयवस्तु निर्माण गर्छन्। त्यसैले राम्रो नाटककार बन्न चाहने व्यक्तिले समाजलाई गहिराइबाट नियाल्नुपर्छ।

नाटक लेखनको पहिलो चरण विषय छनोट हो। विषय जीवनसँग सम्बन्धित, सान्दर्भिक र दर्शकलाई छुने खालको हुनुपर्छ। बेरोजगारी, वैदेशिक रोजगारी, भ्रष्टाचार, सामाजिक सञ्जालको प्रभाव, शिक्षा, वातावरण संरक्षण, लैङ्गिक समानता, पुस्तान्तरणको द्वन्द्व, गरिबी वा वृद्धाश्रमजस्ता विषयहरू नाटकका लागि उपयुक्त हुन सक्छन्।

विषय छनोट गरेपछि कथाको रूपरेखा तयार गर्नुपर्छ। कथामा के समस्या छ, कसरी द्वन्द्व उत्पन्न हुन्छ, पात्रहरूले त्यसलाई कसरी सामना गर्छन् र अन्त्यमा के निष्कर्ष निस्कन्छ भन्ने कुरा स्पष्ट हुनुपर्छ। नाटकको प्राण नै द्वन्द्व हो। द्वन्द्व नभएको नाटक नदीविहीन खोँचजस्तै हुन्छ। व्यक्ति र व्यक्ति, व्यक्ति र समाज, व्यक्ति र परिस्थिति वा व्यक्ति र आफ्नै मनबीचको संघर्षले नाटकलाई जीवन्त बनाउँछ।


कृष्णभक्त महर्जन


संवाद लेखन नाटककारको सबैभन्दा महत्वपूर्ण सीप हो। संवाद स्वाभाविक, छोटो, प्रभावकारी र पात्रअनुकूल हुनुपर्छ। वास्तविक जीवनमा मानिसले जसरी बोल्छन्, संवाद पनि त्यस्तै हुनुपर्छ। कृत्रिम र अत्यधिक साहित्यिक संवादले नाटकलाई कमजोर बनाउँछ। राम्रो संवादले पात्रको चरित्र, परिस्थिति र भावनालाई एकैसाथ व्यक्त गर्न सक्छ।

नाटक लेख्दा मञ्चीय पक्षलाई पनि ध्यान दिनुपर्छ। नाटक पढ्नका लागि मात्र होइन, देखाउनका लागि पनि लेखिन्छ। त्यसैले अत्यधिक जटिल दृश्य, असम्भव घटना वा अनावश्यक पात्रहरूको प्रयोग सकेसम्म कम गर्नुपर्छ। प्रत्येक दृश्यले कथालाई अगाडि बढाउनुपर्छ र प्रत्येक पात्रको स्पष्ट भूमिका हुनुपर्छ।

नाटकको महत्व साहित्यिक क्षेत्रमा मात्र सीमित छैन। नाटकले व्यक्तित्व विकासमा ठूलो योगदान पुऱ्याउँछ। यसले भाषा र अभिव्यक्ति सुधार्छ, आत्मविश्वास बढाउँछ, नेतृत्व क्षमता विकास गर्छ र सिर्जनात्मक सोचलाई प्रोत्साहन दिन्छ। विद्यालय तथा विश्वविद्यालयहरूमा नाटकलाई शिक्षणको प्रभावकारी माध्यमका रूपमा प्रयोग गरिनुको कारण पनि यही हो। नाटकले विद्यार्थीलाई केवल पाठ सम्झाउन मात्र होइन, जीवन बुझ्न पनि सिकाउँछ।

नाटक जीवनको प्रतिविम्ब हो। यसले समाजका कथा भन्छ, मानिसका भावनाहरूलाई आवाज दिन्छ र समयका प्रश्नहरूलाई मञ्चमा उतार्छ। नाटक लेखन कुनै रहस्यमय कला होइन, बरु अध्ययन, अवलोकन, अभ्यास र अनुभवबाट विकसित हुने सिर्जनात्मक प्रक्रिया हो। जसले जीवनलाई गहिराइबाट बुझ्छ, मानिसका संवेदनाहरूलाई महसुस गर्छ र समाजका यथार्थहरूलाई कलात्मक रूपमा प्रस्तुत गर्न सक्छ, ऊ नै सफल नाटककार बन्न सक्छ। त्यसैले नाटक लेख्न चाहने हरेक व्यक्तिले जीवनलाई आफ्नो पाठशाला बनाउनुपर्छ, समाजलाई आफ्नो विषयबस्तु बनाउनुपर्छ र निरन्तर लेखन अभ्यासलाई आफ्नो साथी बनाउनुपर्छ। त्यही अभ्यासले एक दिन एउटा सामान्य लेखकलाई उत्कृष्ट नाटककारमा रूपान्तरण गर्न सक्छ। (लेखक महर्जन रंगकर्मी हुनुहुन्छ)

# नोबल पुरस्कार के हो ?


स्पन्दन भट्टराई

नोबेल पुरस्कार मानव सभ्यताको उत्कृष्ट उपलब्धिहरूलाई सम्मान गर्ने विश्वकै प्रतिष्ठित पुरस्कार हो। यसको इतिहास केवल पुरस्कार वितरणको कथा मात्र होइन, मानवताको उन्नति, ज्ञानको विस्तार र शान्तिको खोजसँग जोडिएको एउटा प्रेरणादायी यात्रा पनि हो।

यस पुरस्कारको शुरुवात स्विडेनका महान् वैज्ञानिक तथा आविष्कारक अल्फ्रेड नोबेलको इच्छाबाट भएको हो। उनले डायनामाइटको आविष्कार गरेर ठूलो सम्पत्ति आर्जन गरे, तर आफ्नो आविष्कारको विनासकारी प्रयोगले उनलाई चिन्तित बनाएको भनिन्छ। त्यसैले उनले सन् १८९५ मा आफ्नो इच्छापत्र लेख्दै आफ्नो सम्पत्ति मानव कल्याणका लागि प्रयोग गर्ने निर्णय गरे। यही इच्छापत्र अनुसार सन् १९०१ मा पहिलो पटक नोबेल पुरस्कार वितरण गरियो।

पहिलो नोबेल पुरस्कार सन् १९०१ मा विभिन्न पाँच विधामा प्रदान गरिएको थियो। भौतिकशास्त्रतर्फ जर्मनीका विल्हेम कोनराड रोन्टगेन लाई एक्स-रेको खोजका लागि सम्मान गरिएको थियो। रसायनशास्त्रतर्फ नेदरल्याण्ड्सका जेकबस हेनरिकस वानट हफलाई रासायनिक क्षेत्रमा पुऱ्याएको योगदानका लागि पुरस्कार दिइयो। औषधि विज्ञानतर्फ जर्मनीका एमिल वोन बेहरिङलाई डिफ्थेरिया रोगको उपचारसम्बन्धी अनुसन्धानका लागि सम्मान गरियो। साहित्यतर्फ फ्रान्सका सुली प्रुधोमलाई उत्कृष्ट साहित्य सिर्जनाका लागि पुरस्कृत गरियो। शान्ति पुरस्कार भने दुईजनालाई संयुक्त रूपमा दिइएको थियो। त्यसरी संयुक्त रुपमा पाउनेमा स्विट्जरल्यान्डका हेनरी ड्युनान्ट र फ्रान्सका फ्रेडेरिक पासीलाई विश्व शान्तिका लागि योगदान गरेबापत सम्मान गरिएको थियो।

यसरी शुरु भएको नोबेल पुरस्कारको यात्रा समयसँगै विस्तार हुँदै गयो। सन् १९६८ मा स्विडेनको केन्द्रीय बैंकले अर्थशास्त्र विधा थप गऱ्यो, जसलाई आज अर्थशास्त्र को रूपमा चिनिन्छ। अहिले नोबेल पुरस्कार भौतिकशास्त्र, रसायनशास्त्र, औषधि विज्ञान, साहित्य, शान्ति र अर्थशास्त्र गरी छ विधामा प्रदान गरिन्छ।

नोबेल पुरस्कारको छनोट प्रक्रिया अत्यन्त गोप्य र कडा हुन्छ। विश्वभरका योग्य व्यक्तिहरूलाई मनोनयन गरिन्छ, तर अन्तिम निर्णय विशेषज्ञ समितिहरूले गर्छन्। यो प्रक्रिया पारदर्शी भए पनि नामांकनसम्बन्धी विवरणहरू ५० वर्षसम्म गोप्य राखिन्छन्। यसले पुरस्कारको निष्पक्षता कायम राख्न मद्दत गर्दछ।

पुरस्कारको राशि पनि उल्लेखनीय हुन्छ। हालका वर्षहरूमा प्रत्येक विधाको पुरस्कार करिब ११ मिलियन स्विडिस क्रोनर (लगभग १० लाख अमेरिकी डलरभन्दा बढी) हुन्छ। विजेतालाई नगदसँगै सुनको पदक र प्रमाणपत्र पनि प्रदान गरिन्छ।

अब पछिल्लो समयको कुरा गर्दा, सन् २०२४ का नोबेल पुरस्कार विजेताहरू पनि निकै चर्चामा रहे। भौतिकशास्त्रतर्फ जोन जे. हपफिल्ड र जेफ्री हिन्टनलाई कृत्रिम बुद्धिमत्ता र न्युरल नेटवर्कसम्बन्धी अनुसन्धानका लागि सम्मान गरियो। रसायनशास्त्रतर्फ डेभिड बेकर, डेमिस हासाबिस र जोन जम्परलाई प्रोटिन संरचना अनुसन्धानका लागि पुरस्कृत गरियो। औषधि विज्ञानतर्फ भिक्टर एम्ब्रोस र गैरी रभकुनलाई माइक्रो-आरएनए सम्बन्धी खोजका लागि सम्मान दिइयो।

साहित्यतर्फ दक्षिण कोरियाकी हान काङलाई पुरस्कार प्रदान गरियो भने शान्ति पुरस्कार जापानको निहोन हिदान्क्यो लाई दिइयो, जसले परमाणु हतियारविरुद्ध अभियान चलाउँदै आएको छ। अर्थशास्त्रतर्फ डारोन अचेमोग्लु, साइमन जोनसन र जेम्स रोबिन्सनलाई आर्थिक संस्थाहरूको अध्ययनका लागि सम्मान गरिएको थियो।

करसम्बन्धी कुरा गर्दा, नोबेल पुरस्कारको रकम स्विडेनमा करमुक्त हुन्छ, तर विजेताको आफ्नो देशमा भने कर लाग्न सक्छ। त्यसैले यो विषय देशअनुसार फरक हुन्छ।

नोबेल पुरस्कारसँग सम्बन्धित अर्को रोचक पक्ष भनेको यसको पदक र प्रमाणपत्र हो। कानूनी रूपमा विजेताले आफ्नो पदक वा प्रमाणपत्र लिलाम गर्न सक्छन्। इतिहासमा केही विजेताहरूले आफ्ना पदकहरू लिलाम गरेर ठूलो रकम संकलन गरेका छन्, जुन प्रायः सामाजिक वा वैज्ञानिक कार्यका लागि प्रयोग गरिएको छ। यस्तो कार्य विरलै हुन्छ किनभने यी बस्तुहरू अत्यन्त सम्मान र प्रतिष्ठासँग जोडिएका हुन्छन्।


समग्रमा हेर्दा, नोबेल पुरस्कार केवल एक सम्मान होइन, मानव सभ्यताको प्रगतिको जीवित प्रतीक हो। सन् १९०१ मा शुरु भएको यो परम्पराले आजसम्म अनगिन्ती प्रतिभाहरूलाई पहिचान दिएको छ र आगामी दिनहरूमा पनि ज्ञान, शान्ति र मानवताको मार्गदर्शन गरिरहनेछ।

## प्रबासी नेपालीजनलाई अवसरसँगै सूचना

नेपाल बाहिर अर्थात प्रबासमा रहनु हुने नेपालीजनमा लेखनप्रति रुचि छ भने तपाईहरुलाई यस पत्रिकाले अवसर प्रदान गरेको छ। त्यो के भने तपाईहरु आफ्ना साहित्यिक लेख, रचनादेखि विभिन्न खाले लेख, विचार प्रकाशन गर्न चाहनुहुन्छ भने 'नयाँ विमर्श' ले तपाईहरुका लेख, रचनाहरुलाई उचित स्थान दिने गरेको छ। त्यसैले तपाईहरुले आफ्ना साहित्यिक लेख, रचनादेखि आत्मकथा, आफ्ना नियात्रा, आफ्ना अनुभव, आफ्ना वेदनाहरुलाई यस पत्रिकामार्फत पोख्न सक्नु हुनेछ। तपाईका लेख, रचना, वेदना तथा अनुभवहरुलाई लेखकीय स्वरुपमा पठाउनु होला। लेख्न मन छ तर लेखाईको अंग पुगेन कि जस्तो लागेमा पनि नहिच्काउनु होला, लेखेर पठाउनु होला, राम्रो सम्पादन गरी प्रकाशनयोग्य हामी बनाई दिनेछौं।

त्यसैले आफ्ना लेख, रचना, अनुभव, पीडा, वेदना तथा नियात्रासँग सम्बन्धित विचारहरु नयाँ विमर्शको इमेलमा पठाउन सक्नु हुनेछ। त्योसँगै आफ्नो व्यक्तिगत तस्वीर तथा सान्दर्भिक तस्वीरहरु पठाउनु भएमा उचित स्थान दिने नै छौं। यसरी सामग्रीहरु पठाउँदा अर्को कुनै सञ्चारमाध्यमलाई पठाई सकेको सामग्री भने नपठाउनु होला।

सामग्री पठाउन यो इमेलमा पठाउन सक्नु हुनेछ।
इमेल nayabimarsha@gmail.com



कौशल कुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

प्रधान-सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह-प्राध्यापक गम्भीर बहादुर हाडा
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौँ-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## मननीय कुरा

**“सपना त्यस्तो होइन जुन तिमी सुत्दा देख्छौ, सपना त्यो हो जसले तिमीलाई सुत्न दिँदैन।”**

- ए.पी.जे.अब्दुल कलाम

**“जुन काम तिमी गर्न डराउँछौ, त्यसैलाई गर; त्यही सफलतातिरको बाटो हो।”**

- राल्फ वाल्डो इमर्सन

**“तिमीले कति छिटो होइन, कति स्थिर रूपमा अघि बढ्यौ भन्ने कुरा महत्वपूर्ण हुन्छ।”**

- कन्फ्युसियस

**“जीवन आफैंलाई खोज्ने होइन, आफैंलाई निर्माण गर्ने प्रक्रिया हो।”**

- जर्ज बर्नार्ड शा

**“अवसरहरू आफै आउँदैनन्, तिमीले तिनीहरू सिर्जना गर्नुपर्छ।”**

- क्रिस ग्रोसर

## सम्पादकीय

### प्रधानमन्त्रीको नयाँ अभ्यास सकारात्मक

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले पछिल्ला केही शनिबारहरूमा आफ्नो सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका सामग्रीले नयाँ प्रकारको राजनीतिक सन्देश दिन थालेको देखिन्छ। दुग्ध विकास संस्थानका उत्पादनदेखि गोल्डस्टार जुत्तासम्म, चियादानी रेष्टुरेन्टमा चिया पिएको अनुभवदेखि मकालु क्षेत्रको पदयात्रासम्मका विषयलाई उहाँले आफ्ना सामाजिक सञ्जालमार्फत प्रस्तुत गर्नुभएको छ। यी सामग्रीहरू केवल व्यक्तिगत रुचि वा घुमफिरका अभिव्यक्ति मात्र नभई नेपाली उत्पादन, स्थानीय व्यवसाय, आन्तरिक पर्यटन तथा राष्ट्रिय पहिचानलाई प्रोत्साहन गर्ने प्रयासका रूपमा समेत व्याख्या गर्न थालिएको छ। विशेष गरी सार्वजनिक बिदाको दिन पारेर यस्ता सामग्री सार्वजनिक गरिनु र त्यसमा सरकारी औपचारिकताभन्दा व्यक्तिगत अनुभव र नागरिक भावनालाई प्राथमिकता दिइनुले यसलाई थप चासोको विषय बनाएको छ।

विश्वका धेरै मुलुकमा राजनीतिक नेतृत्वले आफ्नो सार्वजनिक छविलाई नीतिगत निर्णय वा राजनीतिक भाषणमा मात्र सीमित राख्नु भएको छैन। उहाँले सामाजिक, सांस्कृतिक र आर्थिक पक्षसँग पनि जोड्ने प्रयास गर्ने गरेको देखिन्छ। प्रधानमन्त्री बालेनको पछिल्लो अभ्यासलाई पनि यही सन्दर्भमा हेर्न सकिन्छ। कुनै नेपाली उत्पादन प्रयोग गर्नु, स्थानीय व्यवसायलाई प्राथमिकता दिनु वा देशभित्रकै पर्यटकीय गन्तव्यको अनुभव साझा गर्नु आफैंमा ठूलो आर्थिक परिवर्तन ल्याउने कार्य नहुन सक्छ। नेतृत्व तहबाट आउने यस्ता सन्देशहरूले जनमानसमा प्रभाव पार्ने क्षमता राख्छन्। विशेष गरी सामाजिक सञ्जालमा लाखौं अनुयायी भएका व्यक्तिको एउटा सानो अभिव्यक्तिले पनि कुनै उत्पादन, व्यवसाय वा गन्तव्यलाई व्यापक चर्चा दिलाउन सक्छ। युवा पुस्तामाझ लोकप्रिय रहेका प्रधानमन्त्री बालेनको यस्तो अभ्यासले “नेपाली उत्पादन प्रयोग गरौं”, “आन्तरिक पर्यटनलाई प्रवर्द्धन गरौं” र “आफ्नो देशका सम्भावनालाई चिनौं” भन्ने भावनालाई थप बल पुऱ्याउन सक्छ। यसका साथै प्रधानमन्त्री पनि एक नागरिक हुन्, उनको पनि व्यक्तिगत जीवन, रुचि र अनुभव हुन्छ भन्ने सन्देशले नेतृत्वलाई जनतासँग थप नजिक बनाउने काम गर्न सक्छ। राजनीतिक नेतृत्वलाई केवल औपचारिक भूमिकाभित्र सीमित नभई समाजको सक्रिय सदस्यका रूपमा प्रस्तुत गर्ने यस्ता प्रयासले नागरिक र नेतृत्वबीचको दूरी कम गर्न सहयोग पुऱ्याउन सक्छ।

यस्ता गतिविधिको वास्तविक प्रभाव दीर्घकालीन रूपमा त्यसबेला देखिन्छ, जब सकारात्मक सन्देशसँगै नीतिगत प्रतिबद्धता र कार्यान्वयन पनि जोडिन्छ। जनचेतना निर्माणको दृष्टिले हेर्दा प्रधानमन्त्रीको पछिल्लो अभ्यासलाई सकारात्मक रूपमा लिन सकिन्छ। देशको उत्पादन, व्यवसाय, संस्कृति र पर्यटनको प्रवर्द्धन केवल सरकारी अभियानबाट मात्र सम्भव हुँदैन, त्यसका लागि सामाजिक प्रेरणा पनि आवश्यक हुन्छ। नेतृत्व तहबाट आउने साना तर अर्थपूर्ण सन्देशहरूले त्यस्तो प्रेरणा निर्माण गर्न सक्छन्। त्यसैले सार्वजनिक बिदाका दिनहरूलाई देश चिनाउने, देशको उत्पादनलाई सम्मान गर्ने र नागरिकलाई सकारात्मक सन्देश दिने माध्यमका रूपमा प्रयोग गर्ने यो अभ्यास निरन्तरता पायो भने यसले राष्ट्रिय आत्मविश्वास, आर्थिक गतिविधि र देशप्रतिको अपनत्व बढाउन निश्चित रूपमा योगदान पुऱ्याउन सक्छ।

# आयोजना व्यवस्थापनको आवश्यकता तथा महत्व



-गम्भीर बहादुर हाडा
अधिवक्ता तथा सह-प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस (अवकाशप्राप्त)

आयोजना भन्नाले त्यस्तो सुनियोजित कार्यपद्धतिलाई जनाउँदछ, जुन कार्यपद्धति कुनै निश्चित उद्देश्य प्राप्त गर्ने उद्देश्यले अपनाइएको हुन्छ। आयोजनाको तर्जुमा कुनै बस्तु वा सेवा उत्पादन गर्ने अथवा कुनै निश्चित रचनात्मक कार्य गर्ने उद्देश्यले गरिन्छ। आयोजनाको तर्जुमा गर्दा सम्बन्धित कार्य सम्पादन गर्नका लागि चाहिने निश्चित स्रोत र साधन, कार्य सम्पादन गर्नका लागि चाहिने लागतको अनुमान र कार्य सम्पादन गर्नुपर्ने निश्चित समय निर्धारित गरिन्छ। यसर्थ, आयोजना त्यस्तो कार्यशैली हो जसको अधिनमा रही कुनै निश्चित कार्य निश्चित समयभित्र निश्चित प्रक्रियाद्वारा निश्चित स्रोत र साधनको प्रयोगद्वारा सम्पादन गरिन्छ।

आयोजना स्वयंमा कुनै कार्य होइन, कार्यशैली मात्र हो। अर्को शब्दमा, कुनै निश्चित उद्देश्य प्राप्त गर्नका लागि गर्नुपर्ने कार्यको लागि उपयोग गरिने र साधन, कार्यप्रणाली, कार्य पूरा गर्ने अवधि आदिको पूर्वनिर्धारित प्रारूप नै आयोजना हो। कुनै पनि विकासका क्रियाकलापहरूलाई सफलताको मार्गमा लम्काउनका लागि आवश्यक तयारी, समन्वय र प्रक्रिया एवम् वैज्ञानिक योजनाको आवश्यकता पर्दछ। त्यो कुराको प्रत्याभूति व्यवस्थित आयोजनाबाट मात्र प्राप्त गर्न सकिन्छ। त्यसैले विकासका कुनै पनि क्रियाकलाप सञ्चालन गर्दा अर्थात् कार्यक्रमहरूको सफलता पहिचान गर्न वा तिनीहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्न आयोजनाको खाँचो पर्दछ। आयोजनाले सर्वप्रथम विकासका क्रियाकलापहरूको सम्भाव्यता अध्ययन गर्न सहयोग पुऱ्याउँदछ। अनि सम्भाव्य आयोजनाको व्यवस्थित तयारी र कार्यान्वयनमा जोड दिन्छ। सामान्यतया कुनै निश्चित उद्देश्य वा कार्य सम्पन्न गर्नका निम्ति तोकिएका समय, स्रोत र लागतमा गुणस्तरीय बस्तु उत्पादन गर्ने कार्यपद्धति नै आयोजना हो।

आयोजना भनेको कुनै निश्चित उद्देश्य हासिल गर्नका लागि एक पटकको कार्य एवम् क्रियाकलाप वा प्रयास होइन, बरु विभिन्न वा विविध क्रियाकलापहरूको कुनै निश्चित उद्देश्य प्राप्त गर्न एकीकृत प्रयास हो। विकास प्रशासनको अवधारणाले आयोजनागत विकास प्रयासको वकालत गर्दछ। आयोजनालाई cutting edge या development समेत भनिन्छ। राष्ट्रिय योजना आयोगकै परिभाषा अनुसार विकास कार्यक्रम अन्तर्गत कुनै भौगोलिक क्षेत्र वा कार्य क्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी पूर्वनिर्धारित उद्देश्यको निम्ति तयार गरिएको व्यवस्थालाई Project भनिन्छ।

आयोजना व्यवस्थापनको अवधारणा विकास प्रशासनको अवधारणासँगै विकास भएको मानिन्छ। आयोजना व्यवस्थापनको जानकारी लिनु अगावै व्यवस्थापनको बारेमा ज्ञान हुनु आवश्यक हुन्छ। साधारण अर्थमा कुनै पनि ताकिएको काम व्यवस्थित रुपमा सम्पादन गर्नको लागि निश्चित प्रक्रिया पूरा गर्नुपर्दछ। यसमा खास गरी स्रोत-साधनको संकलन गर्ने, तिनीहरुको समन्वय गर्ने तथा व्यवस्थित ढंगले यिनीहरुलाई परिचालन गरी उद्देश्य हासिल गर्न प्रयत्नरत प्रक्रियालाई नै व्यवस्थापन भनिन्छ। त्यसैले व्यवस्थापन भन्नाले उद्देश्य हासिल गर्नका लागि योजना, संगठन, कर्मचारी, नेतृत्व तथा नियन्त्रणको माध्यम प्रयोग गरेर मानिसहरुसँग आपसमा मिलेर एवम् उनीहरुबाटै काम गराउने कला हो। यस अर्थमा आयोजना व्यवस्थापक आयोजनासँग सम्बन्धीत सम्पूर्ण साधन स्रोतलाई निर्देशित गरी आयोजनाको उद्देश्य अनुरुप काम गराउने कला हो।

आयोजना व्यवस्थापनको अवधारणालाई नवीनतम अवधारणा मानिन्छ। प्रतिस्पर्धात्मक आधुनिक कार्य प्रक्रियामा नयाँ व्यवस्थापकीय प्रविधि अवलम्बनद्वारा कुनै गहन कार्यलाई अझ सफलतापूर्वक कार्य सम्पादन तथा नियन्त्रण गरी उपलब्ध संसाधनको अधिकतम उपभोग गर्न अवलम्वन गरिएको आधुनिक व्यवस्थापकीय अवधारणा नै आयोजना व्यवस्थापन हो। आयोजना र व्यवस्थापन दुई शब्द मिलेर आयोजना व्यवस्थापन बनेको छ। त्यसैले आयोजना व्यवस्थापनको अर्थ बुझ्न् पहिले यी दुई शब्दहरुको अर्थ बुझ्नु जरुरी छ। निश्चित उद्देश्य प्राप्त गर्न संगठित रुपमा सञ्चालन गरिने अल्पकालीन एकीकृत प्रयासलाई आयोजना भनिन्छ भने निर्दिष्ट उद्देश्य हासिल गर्न गरिने व्यवस्थापकीय कार्यहरु जस्तैः योजना बनाउने, संगठन गर्ने, नेतृत्व दिने, नियन्त्रण गर्ने आदि कार्यलाई व्यवस्थापन भनिन्छ। यसरी परिभाषित गर्दा आयोजना सम्पन्न गर्नको लागि गरिने व्यवस्थापकीय कार्यलाई आयोजना व्यवस्थापन भनिन्छ।

सामान्य अर्थमा आयोजना कार्यान्वयन भन्नाले कुनै पनि आयोजनालाई कार्यरुप दिई जुन प्रयोजनको लागि आयोजना प्रतिपादन भएको हो उक्त प्रयोजन वा उद्देश्य हासिल गर्नु हो। विशेषतः आयोजना व्यवस्थापनको यो चरण सर्वाधिक महत्व राख्दछ। यसै हुँदा कार्यान्वयनको प्रभावकारीताको लागि आयोजना नियोजन गरिन्छ र यही नियोजनको आधारमा विभिन्न माध्यम र प्रकृया अपनाई आयोजना कार्यान्वयन गरिन्छ। आयोजनाको सफल कार्यान्वयन भन्नु यसका सम्पूर्ण कृयाकलाप कार्यतालिका अनुरुप, बजेटको सीमाभित्र रही अपेक्षित लक्ष हासिल गर्ने गरी सम्पन्न हुनु हो। विशेषतः आयोजना कार्यान्वयनका विभिन्न चरण हुन्छन् र यी विभिन्न चरणहरुमा बेग्लाबेग्लै कार्यशैली एवं कार्यविधिहरु अपनाउनुपर्ने हुन्छ। खासगरी आयोजना कार्यान्वयनमा निम्नानुसारका कार्यहरु पर्दछन्। १) आयोजनाको प्रारम्भ गर्नु, २) कार्य निर्दिष्टता र कार्यतालिका निर्माण गर्नु, ३) अधिकार, जिम्मेवारी र सम्बन्ध स्पष्ट गर्नु, ४) स्रोत प्राप्त गर्नु, ५) नियन्त्रण प्रणाली व्यवस्थित गर्नु, ६) निर्देशन तथा नियन्त्रण गर्नु र ७) आयोजना सम्पन्न गर्नु।

आयोजना अनुगमन कार्यअन्तर्गत आयोजनाका विभिन्न पक्ष वा चरणमध्ये अनुगमन तथा मूल्यांकन पनि एक हो। आयोजनाको कार्य सम्पादन कुन तहमा हुन्छ भनी त्यसलाई सुधार गर्नका निम्ति अनुगमन तथा मूल्यांकनको स्पष्ट व्यवस्था गर्नुपर्दछ। आयोजना अनुगमन तथा मूल्यांकनले आयोजनाका गल्ति सच्चाउन उल्लेखनीय भूमिका खेल्दछ। यो आयोजना सुधारको भरपर्दो साधन हो। त्यसैले आयोजनामा स्पष्ट व्यवस्था गरिएको हुनुपर्दछ।

माथिका विभिन्न पक्ष, क्षेत्र वा सूचकहरूले आयोजनाको संरचनात्मक बनौट, प्रभावकारीता, कार्यान्वयन क्षमता, तत्परता आदि कुराहरू प्रस्ट्याउँछन्। यी पक्षहरू वा क्षेत्रहरूका अतिरिक्त आयोजना व्यवस्थापकको क्षमता, कार्यकारी निर्णय समाजशास्त्री अर्थशास्त्री, नीति-निर्माता आदिको निर्णय, प्रतिफलको वितरण, द्वितीय फाइदाहरू नदेखिने फाइदाहरू आदिलाई पनि आयोजना स्क्रीनिङ्को आधार वा क्षेत्रको रूपमा हेरिन्छ। यसप्रकार तात्कालीन स्थानीय समस्यासँग केन्द्रित, सामाजिक, आर्थिक तथा वातावरण सुहाउँदो, प्रशासनिक कार्यान्वयनमा प्रभावकारीता झल्किने आयोजनाको प्रस्तावमा वा तयारी तथा विश्लेषण सम्बन्धित बोर्ड वा संघ संस्था, इकाइ, निर्क्योलको गहन अध्ययन गरी लेखाजोखा गर्दछन् र छनौट गर्दछन्। यसप्रकार आयोजनाका विभिन्न सूचकहरूलाई मूल्यांकन र दृष्टिगत गरी विभिन्न आयोजनाहरूको सूचीबाट सबैभन्दा सम्भाव्य वा राम्रो आयोजना छान्ने प्रक्रिया नै आयोजना स्क्रीनिङ्ग हो।

अनुगमनकर्ताले अनुगमन गर्दा क्रियाकलापहरुको हरेक गतिविधिहरुको सूचना संकलन गरी विवरण पेश गर्नुपर्दछ। त्यसलाई स्पष्ट रुपमा व्याख्या गर्नु पनि उत्तिकै जरुरी हुन्छ। त्यसरी व्याख्या गर्दा सकारात्मक सोचबाट प्रेरित हुनुपर्दछ। कार्यालयको स्थापनादेखि नै, कुनै कार्यक्रम शुरु भएदेखि नै, कुनै नीति कार्यान्वयन भएदेखि नै अनुगमन कार्य शुरु गर्ने गरिन्छ। यो निरन्तर भइरहनु पर्ने कार्य हो।

आयोजना मूल्यांकन अन्तर्गत मूल्यांकन दुई प्रकारका हुन्छन्। विशेषतः आयोजनाका दुई महत्वपूर्ण चरणहरुमा कार्यान्वयन पूर्वको चरण र कार्यान्वयन समाप्तिको चरण। यसमध्ये कार्यान्वयन पूर्वको चरणको मूल्यांकनलाई प्रोजेक्ट एप्रेजल भनिन्छ र कार्यान्वयन समाप्तिको चरणको मूल्यांकनलाई भनिन्छ। यी दुवै किसिमका मूल्यांकन विशेष महत्वपूर्ण छन्। खासगरी Project Appraisal आयोजनाको सर्वपक्षय उपयुक्तता सम्बन्धमा आश्वस्त हुन र कार्यान्वयन सम्बन्धी निर्णय गर्ने प्रयोजनको निमित्त गरिन्छ। यो एउटा महत्वपूर्ण व्यवस्थापकीय औजार हो र यसैको माध्यमबाट व्यवस्थापनले आयोजनाको विशेष पक्ष एवं महत्वपूर्ण क्षेत्रहरुमा मध्य नजर राख्ने र आयोजनाको सम्पादन निर्धारित लक्ष्य अनुसार भए नभएको बारेमा आश्वस्त हुन सक्छ।

आयोजना सञ्चालन गरिँदा देखापरेका समस्या, चुनौती तथा बाधाहरु अन्तर्गत वन क्षेत्र/राष्ट्रिय निकुञ्ज क्षेत्र/आरक्षित क्षेत्र/वन कटानी वृक्षारोपण/पानी मुहान संरक्षणमा समस्या, विकास साझेदारहरुबाट सञ्चालित आयोजनामा रकम सुनिश्चितता भएपछि मात्रै कार्यान्वयन गर्ने अनिवार्य प्रणालीको व्यवस्था हुन नसक्नु, कर्मचारीको सरुवा/हेरफेर, कर्मचारीको भूमिकामा प्रष्टता आदि र कार्यसम्पादन करार जस्ता विषयहरुमा पनि नीतिगत, प्रक्रियागत त्रुटि र समस्याहरु रहेका छन्। ढुङ्गा, गिटी, बालुवा र निर्माण सामग्री सङ्कलन, प्राप्ति र बेचबिखनमा समस्या, खरिद ऐन, नियम अनुसार खरिद व्यवस्थापन सम्म हुने तर खरिद गरेपछिको मुख्य पक्ष करार व्यवस्थापनमा सँधै फितलो रहने गरेको र अपेक्षित/अनपेक्षित विविध समस्या र बाधाहरु आउने, समयमै तिनको व्यवस्थापन गर्न नसकिने वा नगरिने, उच्चस्तरबाट नियमित अनुगमन, मूल्याङ्कन गरी आयोजना प्रभावकारिता बढाउनुपर्नेमा सो नहुनु, ठूला विकास आयोजना बनाएरभन्दा लम्ब्याएर लाभ/हानि वा अल्झाइरहने प्रवृत्ति बढेको, अवस्थादेखि अवस्थासम्म (Case to Case) र आयोजनादेखि आयोजनासम्म (Project to Project) को प्रयोग हुन नसक्नु, सरोकारवाला एवं सम्बद्ध सबै पद्धतिहरुबीच समन्वय, सहकार्य, स्वामित्व, प्रक्रिया उत्तरदायित्व जस्ता विषयमा तालमेल हुन नसक्नु। हामीकहाँ सामान्यतया विकास आयोजनाको राजनीतिक क्षेत्रले स्वामित्व नलिने र कर्मचारीतन्त्रले प्रक्रियामा अल्झाउने वा अल्झिन पर्ने अवस्था रहनु र सरोकारवाला पक्ष एवं जनता र प्रत्यक्ष लाभ-हानी हुने समूहबीचको उचित तालमेल हुन नसक्नाले विकास आयोजनाहरु अलपत्र परेका छन्। नीति, रणनीति, कार्यक्रम र आयोजनाको पहिचानबीच सामञ्जस्य नहुनु, वार्षिक विकास कार्यक्रमका क्रियाकलापहरुलाइ आयोजना व्यवस्थापनको दृष्टिले नहेरिनु, उपयुक्त विज्ञ र विशेषज्ञहरुबाट भन्दा पनि कर्मचारीतन्त्रीय तवरले आयोजना छनौट हुनु, दलगत राजनीतिक अभीष्ट पूरा गर्ने सोच र चिन्तन हाबी हुनु। सरोकारवालाको स्वामित्व र अपनत्वलाई महत्व नदिइनु, आयोजना चक्रका चरणहरुलाई बेवास्ता गरिनु, विकल्पको विश्लेषण र छनौटमा प्राविधिक ज्ञान सीपको कमी हुनु, कार्यान्वयन सुनिश्चितताका लागि आवश्यक पूर्वतयारी, जनशक्ति, स्रोतसाधन र पर्यावरणीय पक्षमा उचित ध्यान नपुग्नु।

हाम्रो मुलुकमा बजेट प्रणालीमा देखिएको कठिनाई कम गर्नेतर्फ निरन्तर कार्य जारी राख्नुपर्दछ। आयोजनामा काम गर्ने लेखा परीक्षकहरूका लागि विशेष किसिमको परीक्षण दिनु अति जरुरी छ। समूहका सम्पूर्ण सदस्य कर्मचारीहरूभित्र एकता कायम गराई एकसूत्रमा आवद्ध गर्न सक्ने क्षमता हुनुपर्दछ। सङ्गठनको लक्ष्य नै हाम्रो लक्ष्य हो भन्ने भावना जागृत गराउन सक्ने सीप हुनुपर्दछ। सबै कर्मचारीहरूमा कामप्रतिको प्रतिबद्धता कायम गराउने, उनीहरूलाई आवश्यक परेमा सल्लाह र सुझाव दिने, समय समयमा उनीहरूले काम गरेको ठाउँमा आफूसमेत जाने कार्य व्यवस्थापकले अबलम्बन गर्नुपर्दछ। आयोजनाको लागि जोखिम बहन गर्नसक्ने क्षमता हुनु पनि अति आवश्यकता रहन आएको छ। आयोजनाको सम्पूर्ण जिम्मेवारी र दायित्व आयोजना व्यवस्थापकमा निहीत हुने हुँदा ऊ सक्षम र योग्य हुनुपर्दछ। आयोजना व्यवस्थापकमा आयोजनाका सञ्चालनमा आवश्यक पर्ने प्राविधिक ज्ञान हुनुपर्दछ। प्राविधिक अवधारणा र समाधानका उपायहरूको मूल्यांकन गर्न सक्नुपर्दछ र आयोजनाका सम्पूर्ण टिमका व्यक्तिहरूलाई प्राविधिक शब्दबाट सूचनाको प्रवाह अथवा सञ्चार गर्नुपर्दछ। आवधिक योजना, मानव विकास सूचकाङ्क, भौगोलिक सन्तुलन, उत्थानशील, दिगो विकास, वातावरण सन्तुलन, रोजगारी सिर्जना र क्षेत्रीय सन्तुलन कायम हुने खोज तथा अनुसन्धान गरी आयोजना तथा कार्यक्रमको छनौट गर्ने, खरिद कानून, खरिद प्रक्रिया, कच्चा पदार्थको उपलब्धता, ढुवानी व्यवस्थापनमा सहजीकरण र समन्वय गर्ने आदि जस्ता महत्वपूर्ण कार्यहरु गर्नु आवश्यक छ।

तीनै तहको सरकारको तहगत र निकायगत सहकार्य र समन्वय गर्ने, आयोजना व्यवस्थापनको असल अन्तर्राष्ट्रिय अभ्यास भित्र्याउन जनशक्तिको क्षमता विकास, प्रविधि हस्तान्तरणका कार्यक्रमहरू सञ्चालन गर्ने, आयोजना व्यवस्थापनमा राजनीतिक प्रतिवद्धता जनाउने। आवश्यक कार्यविधि निर्माण, खरिद प्रक्रिया समयमा नै अघि बढाउने, बस्तुनिष्ठ ढङ्गबाट बोलपत्रको समयमा नै मूल्यांकन, कार्यादेश, नियमानुसारको भुक्तानी र कार्यप्रगतिको अनुगमन तथा मूल्यांकन, निर्माण व्यवसायीको माग सम्वोधन र निवेदनको प्रतिक्रिया तत्काल दिने, अनिवार्य रूपमा आयोजनाको सुपरभाइजर फिल्डमा बसी सम्भावनाअनुसारको कार्य भए नभएको अनुगमन गरिनु आवश्यक छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# गर्मीमा जुस कि फल ?

राजु प्रसाद अर्याल

गर्मीको मौसम शुरु भएसँगै मानिसको खानपान र जीवनशैलीमा पनि परिवर्तन आउन थाल्छ। चर्को घाम, अत्यधिक तापक्रम र धेरै पसिनाका कारण शरीरले सामान्य अवस्थाभन्दा बढी पानी र खनिज पदार्थ गुमाउँछ। यस्तो अवस्थामा शरीरलाई चिसो राख्ने, पानीको मात्रा सन्तुलित गर्ने र आवश्यक ऊर्जा प्रदान गर्ने खानेकुराको आवश्यकता बढ्छ। यही कारणले गर्मीमा फलफूल, जुस, शर्बत, नरिवलको पानी, उखुको रस, सातु तथा विभिन्न प्राकृतिक पेय पदार्थहरूको प्रयोग बढ्ने गर्दछ।



एउटा प्रश्न धेरै मानिसको मनमा उठ्ने गर्छ कि फलफूलको जुस पिउनु राम्रो कि फल नै खानु राम्रो ? गर्मीमा प्रचलित बेलको शर्बत, उखुको रस, घैंटाको पानी, नरिवलको पानी र सातुजस्ता परम्परागत पेय पदार्थहरू वास्तवमा कत्तिको उपयोगी छन् ? यी कुराहरू बुझ्नु आवश्यक छ।

सबैभन्दा पहिले फलफूल र जुसको विषयमा कुरा गरौं। सामान्यतया स्वास्थ्य विशेषज्ञहरूले फलको जुसभन्दा सिंगो फल नै खान सुझाव दिने गर्छन्। यसको मुख्य कारण फलभित्र रहेको फाइबर हो। जब फललाई जुस बनाइन्छ, त्यसमा रहेको धेरैजसो फाइबर हट्छ। फाइबरले पाचन प्रणालीलाई स्वस्थ राख्न, कब्जियत रोक्न तथा रगतमा चिनीको मात्रा एक्कासि बढ्न नदिन महत्त्वपूर्ण भूमिका खेल्छ। उदाहरणका लागि, एउटा सुन्तला खानु र त्यही सुन्तलाको जुस पिउनु पोषणका दृष्टिले समान हुँदैन। फल खाँदा पेट चाँडै भरिन्छ, तर जुस पिउँदा त्यति तृप्ति महसुस हुँदैन र धेरै मात्रा सेवन हुन सक्छ।

गर्मीमा शरीरलाई तुरुन्त पानी र ऊर्जा आवश्यक पर्ने अवस्थामा ताजा जुस उपयोगी हुन सक्छ। विशेषगरी घरमै बनाइएको जुस, जसमा अतिरिक्त चिनी नहालिएको होस्, त्यो लाभदायक मानिन्छ। बजारमा पाइने धेरैजसो प्याकेटका जुसहरूमा चिनीको मात्रा बढी हुने भएकाले तिनलाई स्वस्थ विकल्प मान्न सकिँदैन।

गर्मीमा सबैभन्दा उपयोगी प्राकृतिक पेय पदार्थमध्ये बेलको शर्बत अग्रस्थानमा आउँछ। बेल हाम्रो परम्परागत फल हो, जसलाई आयुर्वेदमा पनि निकै महत्त्व दिइएको छ। बेलको गुदीमा फाइबर, क्याल्सियम, पोटासियम तथा विभिन्न जैविक यौगिकहरू पाइन्छन्। बेलको शर्बतले शरीरलाई शीतलता प्रदान गर्नुका साथै पाचन प्रणालीलाई सन्तुलित राख्न मद्दत गर्छ। विशेष गरी गर्मीमा हुने झाडापखाला, पेट पोल्ने समस्या तथा अपचमा बेल उपयोगी मानिन्छ। गाउँघरमा गर्मी शुरु हुनासाथ बेलको शर्बत पिउने परम्परा केवल स्वादका लागि मात्र होइन, स्वास्थ्य संरक्षणका लागि पनि विकसित भएको हो। बेलको शर्बत बनाउँदा अत्यधिक चिनी प्रयोग नगरी प्राकृतिक स्वादमै सेवन गर्नु बढी लाभदायक हुन्छ।

त्यसैगरी उखुको रस गर्मीमा अत्यन्त लोकप्रिय पेय पदार्थ हो। उखुको रसलाई तत्काल ऊर्जा दिने प्राकृतिक पेयको रूपमा हेरिन्छ। यसमा ग्लुकोज, फ्रुक्टोज, पोटासियम, क्याल्सियम, म्याग्नेसियम लगायतका खनिज पदार्थ पाइन्छन्। लामो समय घाममा काम गर्ने व्यक्तिहरूले उखुको रस सेवन गर्दा शरीरमा भएको पानी र ऊर्जा अभावको पूर्ति हुन सक्छ। उखुको रसले शरीरलाई ताजगी दिन्छ र गर्मीका कारण हुने थकान कम गर्न मद्दत गर्छ तर यसको स्वच्छतामा विशेष ध्यान दिनुपर्छ। सडक किनारमा खुला रूपमा बनाइने रसमा सरसफाइको कमी हुन सक्छ। त्यसैले सफा र सुरक्षित स्थानमा तयार गरिएको उखुको रस मात्र सेवन गर्नु उपयुक्त हुन्छ। मधुमेह भएका व्यक्तिहरूले भने यसको मात्रा नियन्त्रण गर्नुपर्छ।

गर्मीमा नरिवलको पानीलाई प्रकृतिको प्राकृतिक इलेक्ट्रोलाइट पेय भनिन्छ। शरीरबाट पसिनामार्फत निस्किने पोटासियम, सोडियम र अन्य खनिज पदार्थहरूको पूर्ति गर्न नरिवलको पानी अत्यन्त उपयोगी मानिन्छ। यो हल्का, पचाउन सजिलो र प्राकृतिक रूपमा कम क्यालोरीयुक्त हुन्छ। ज्वरो, पखाला वा निर्जलीकरण भएको अवस्थामा पनि नरिवलको पानी लाभदायक हुन सक्छ। आजभोलि बजारमा पाइने विभिन्न स्पोर्ट्स ड्रिंकहरूभन्दा प्राकृतिक नरिवलको पानी धेरै स्वस्थ विकल्प मानिन्छ। नियमित रूपमा एक गिलास नरिवलको पानी सेवन गर्दा शरीरमा ताजगी कायम रहन्छ र गर्मीको प्रभाव कम महसुस हुन्छ।

नेपालका धेरै ठाउँमा गर्मी लागेपछि घैंटाको पानी पिउने चलन पनि छ। माटोको घैंटो वा सुराहीमा राखिएको पानी स्वाभाविक रूपमा चिसो हुन्छ। यसलाई चिसो बनाउन बिजुली वा कृत्रिम प्रविधिको आवश्यकता पर्दैन। माटोका साना छिद्रहरूबाट हुने प्राकृतिक वाष्पीकरणका कारण पानी शीतल रहन्छ। फ्रिजको अत्यधिक चिसो पानीले कहिलेकाहीँ घाँटी दुख्ने, पाचनमा असर गर्ने वा संवेदनशील व्यक्तिहरूमा असहजता ल्याउन सक्छ, तर घैंटाको पानी शरीरका लागि अपेक्षाकृत अनुकूल मानिन्छ। यसले प्यास मेटाउनुका साथै शरीरलाई सहज शीतलता प्रदान गर्छ।

गर्मीमा ऊर्जा र पोषणको उत्कृष्ट स्रोतका रूपमा सातु पनि निकै लोकप्रिय छ। भुटेको जौ, गहुँ, चना वा मकैको पिठोलाई सातु भनिन्छ। विशेष गरी तराई क्षेत्र तथा दक्षिण एशियाका धेरै ठाउँहरूमा सातुको प्रयोग गर्मीमा अत्यधिक हुने गर्छ। सातुमा कार्बोहाइड्रेट, प्रोटिन, फाइबर तथा विभिन्न खनिज पदार्थ पाइन्छन्। बिहान वा दिउँसो सातु घोलेर पिउँदा लामो समयसम्म ऊर्जा प्राप्त हुन्छ। शारीरिक श्रम गर्ने व्यक्तिहरूका लागि सातु प्राकृतिक ऊर्जा पेयसरह मानिन्छ। बजारमा पाइने धेरै ऊर्जा पेय पदार्थहरूभन्दा सातु सस्तो, पौष्टिक र सुरक्षित विकल्प हो। नुन, जिरा, कागती वा थोरै चिनी मिसाएर तयार गरिएको सातु गर्मीमा शरीरलाई शक्ति र शीतलता दुवै प्रदान गर्छ।

फलफूलका जुसमध्ये तरबुजाको जुस, खरबुजाको जुस, कागती पानी, मौसमीको जुस, अनारको जुस र आँपको स्मुदी पनि लोकप्रिय छन्। यस्ता जुस बनाउँदा अतिरिक्त चिनी थप्नु आवश्यक हुँदैन। फलमा प्राकृतिक रूपमा पर्याप्त मिठास हुन्छ। धेरै चिनी हालेर बनाइएको जुसले तिर्खा त मेटाउन सक्छ, तर दीर्घकालीन रूपमा स्वास्थ्यका लागि राम्रो मानिँदैन।

गर्मीमा पेय पदार्थ छनोट गर्दा एउटा महत्त्वपूर्ण कुरा याद गर्नुपर्छ कि जति प्राकृतिक, त्यति राम्रो। आजकल रंग, फ्लेभर र चिनी मिसाइएका धेरै पेय पदार्थ बजारमा उपलब्ध छन्। ती स्वादिष्ट लाग्न सक्छन्, तर शरीरलाई आवश्यक पोषण भने कम दिन्छन्। यसको विपरीत, फलफूल, बेलको शर्बत, नरिवलको पानी, उखुको रस, सातु तथा घैंटाको पानीजस्ता प्राकृतिक विकल्पहरूले शरीरलाई आवश्यक पानी, खनिज पदार्थ र ऊर्जा प्रदान गर्छन्।

गर्मीमा जुसभन्दा फल नै खानु सामान्यतया राम्रो मानिन्छ, किनकि फलले फाइबरसहित सम्पूर्ण पोषण दिन्छ। विशेष अवस्थामा वा ताजगीका लागि घरमै बनाइएको ताजा जुस पनि उपयोगी हुन सक्छ। बेलको शर्बतले पाचन सुधार गर्छ, उखुको रसले तत्काल ऊर्जा दिन्छ, नरिवलको पानीले इलेक्ट्रोलाइटको सन्तुलन कायम राख्छ, सातुले दीर्घकालीन शक्ति प्रदान गर्छ र घैंटाको पानीले प्राकृतिक रूपमा शरीरलाई शीतल राख्छ। यी सबै परम्परागत र प्राकृतिक उपायहरूलाई दैनिक जीवनमा समावेश गर्न सकियो भने गर्मीको मौसम केवल सहनुपर्ने अवस्था होइन, स्वस्थ र ऊर्जावान जीवन जिउने अवसर पनि बन्न सक्छ। प्रकृतिले गर्मीका लागि तयार पारेका यस्ता सरल उपहारहरूको सही उपयोग गर्नु नै स्वास्थ्य जोगाउने सबैभन्दा सजिलो र प्रभावकारी उपाय हो।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**)

यो साता मेष राशिका व्यक्तिहरूका लागि उत्साहजनक रहने देखिन्छ। लामो समयदेखि रोकिएका कामहरू अगाडि बढ्ने सम्भावना छ। व्यवसायमा नयाँ अवसर प्राप्त हुन सक्छ भने जागिर गर्नेहरूले जिम्मेवारीसँगै प्रशंसा पनि पाउनेछन्। आर्थिक पक्ष सामान्यभन्दा राम्रो रहनेछ। परिवारका सदस्यहरूसँगको सम्बन्ध सुमधुर बन्नेछ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ। अध्ययनरत विद्यार्थीहरूले मेहनतअनुसार परिणाम प्राप्त गर्न सक्छन्। स्वास्थ्यतर्फ भने खानपानमा ध्यान दिनु उचित हुनेछ।

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**)

वृष राशिका लागि यो साता मिश्रित फलदायी रहनेछ। काममा सफलता प्राप्त भए पनि केही निर्णयमा ढिलाइ हुन सक्छ। आर्थिक कारोबार गर्दा सावधानी अपनाउनु उचित हुनेछ। साथीभाइसँगको सहकार्यबाट फाइदा मिल्ने देखिन्छ। वैदेशिक क्षेत्रसँग सम्बन्धित काममा सकारात्मक संकेत देखिन्छ। पारिवारिक वातावरण सुखद रहनेछ। प्रेम सम्बन्धमा सामान्य समझदारी आवश्यक पर्नेछ। स्वास्थ्य सामान्य रहे पनि थकान र तनाव बढ्न सक्ने भएकाले आराममा ध्यान दिनुहोस्।

**मिथुन** (**का, कि, कु, घ, ङ, छ, के, को, हा**)

मिथुन राशिका व्यक्तिहरूका लागि यो साता प्रगतिशील रहने देखिन्छ। नयाँ योजना बनाउने र त्यसलाई कार्यान्वयन गर्ने उपयुक्त समय छ। व्यापारमा लाभको संकेत छ भने जागिरमा पदोन्नति वा नयाँ अवसर प्राप्त हुन सक्छ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ। परिवारबाट सहयोग प्राप्त हुनेछ। प्रेम र दाम्पत्य जीवनमा खुसीको वातावरण रहनेछ। स्वास्थ्यमा सुधार आउने देखिन्छ। यात्राको सम्भावना पनि रहेको छ।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**)

यो साता कर्कट राशिका लागि धैर्यता आवश्यक रहनेछ। काममा अपेक्षित सफलता प्राप्त गर्न केही अतिरिक्त मेहनत गर्नुपर्ने हुन सक्छ। आर्थिक पक्ष सामान्य रहनेछ तर अनावश्यक खर्च बढ्न सक्ने संकेत छ। पारिवारिक जिम्मेवारी बढ्नेछ। सामाजिक सम्बन्धमा सकारात्मकता आउनेछ। प्रेम सम्बन्धमा भावनात्मक निर्णय लिनुअघि सोचविचार गर्नु उचित हुनेछ। स्वास्थ्यतर्फ पेट तथा पाचन प्रणालीसँग सम्बन्धित समस्या देखिन सक्छ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**)

सिंह राशिका व्यक्तिहरूका लागि यो साता उपलब्धिमूलक रहने देखिन्छ। व्यवसायमा नयाँ सम्भावना देखिनेछ। जागिरमा कार्यक्षेत्र विस्तार हुन सक्छ। आर्थिक लाभका अवसर प्राप्त हुनेछन्। परिवारका सदस्यहरूसँग खुसीका क्षण बित्नेछन्। प्रेम सम्बन्धमा निकटता बढ्नेछ। अध्ययन तथा अनुसन्धानमा संलग्न व्यक्तिहरूले राम्रो प्रगति गर्नेछन्। स्वास्थ्य राम्रो रहनेछ। आत्मविश्वास बढ्ने भएकाले नयाँ काम सुरु गर्न सकिनेछ।

**कन्या** (**टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**)

कन्या राशिका लागि यो साता सोचेजस्तो नतिजा प्राप्त गर्न मेहनत आवश्यक पर्नेछ। व्यवसायमा सामान्य उतारचढाव आउन सक्छ। आर्थिक पक्ष नियन्त्रणमा राख्नु उपयुक्त हुनेछ। आफन्त वा साथीभाइसँगको भेटघाटले मन प्रसन्न बनाउनेछ। प्रेम सम्बन्धमा पारस्परिक विश्वास बढ्नेछ। विद्यार्थीहरूका लागि अध्ययनमा ध्यान केन्द्रित गर्ने समय रहेको छ। स्वास्थ्य सामान्य रहे पनि निद्रा र आराममा ध्यान दिनु आवश्यक देखिन्छ।

**तुला** (**रा, रि, रु, रे, रो, ता, ति, तु, ते**)

यो साता तुला राशिका व्यक्तिहरूका लागि सकारात्मक रहनेछ। नयाँ काम शुरु गर्ने अवसर प्राप्त हुन सक्छ। व्यवसायमा विस्तारको सम्भावना छ। आर्थिक लाभका स्रोत बढ्न सक्छन्। परिवारमा शुभकार्यको चर्चा हुन सक्छ। प्रेम सम्बन्ध र दाम्पत्य जीवनमा मधुरता आउनेछ। सामाजिक प्रतिष्ठा बढ्ने संकेत छ। स्वास्थ्यमा सुधार देखिनेछ। यात्रा तथा भ्रमणबाट फाइदा मिल्न सक्छ।

**वृश्चिक** (**तो, ना, नि, नु, ने, नो, या, यि, यु**)

वृश्चिक राशिका लागि यो साता सावधानी र संयम आवश्यक रहनेछ। कार्यक्षेत्रमा प्रतिस्पर्धा बढ्न सक्छ। आर्थिक पक्षमा योजना बनाएर अघि बढ्नु राम्रो हुनेछ। परिवारबाट सहयोग प्राप्त भए पनि केही विषयमा मतभेद हुन सक्छ। प्रेम सम्बन्धमा संवादको कमी हुन नदिनुहोस्। अध्ययन तथा अनुसन्धानमा सकारात्मक प्रगति हुनेछ। स्वास्थ्यतर्फ पुराना समस्या दोहोरिन सक्ने भएकाले ध्यान दिनु आवश्यक छ।

**धनु** (**ये, यो, भा, भि, भु, ध, फा, ढा, भे**)

धनु राशिका व्यक्तिहरूका लागि यो साता उत्साहजनक रहने देखिन्छ। नयाँ अवसर प्राप्त हुनेछन्। व्यवसायमा लाभ बढ्न सक्छ। जागिरमा जिम्मेवारीसँगै सम्मान पनि प्राप्त हुनेछ। परिवारमा खुसीको वातावरण रहनेछ। प्रेम सम्बन्धमा नयाँ मोड आउन सक्छ। विद्यार्थीहरूका लागि सफलता प्राप्त हुने समय छ। स्वास्थ्य राम्रो रहनेछ। धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ।

**मकर** (**भो, जा, जि, खि, खु, खे, खो, गा, गि**)

मकर राशिका लागि यो साता मध्यम फलदायी रहनेछ। काममा निरन्तरता कायम राखे सफलता प्राप्त हुनेछ। आर्थिक पक्षमा केही सुधार आउनेछ। पारिवारिक सम्बन्धमा समझदारी बढ्नेछ। प्रेम सम्बन्धमा पुराना समस्या समाधान हुन सक्छन्। व्यवसायमा नयाँ साझेदारीको प्रस्ताव आउन सक्छ। स्वास्थ्यमा सामान्य सावधानी आवश्यक देखिन्छ। अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुनेछ।

**कुम्भ** (**गु, गे, गो, सा, सि, सु, से, सो, दा**)

कुम्भ राशिका व्यक्तिहरूका लागि यो साता उन्नतिको संकेत बोकेको छ। नयाँ योजनाबाट लाभ प्राप्त हुने सम्भावना छ। व्यवसाय र रोजगारी दुवै क्षेत्रमा सकारात्मक परिणाम मिल्नेछ। आर्थिक लाभका अवसर बढ्नेछन्। परिवारसँगको सम्बन्ध सुमधुर रहनेछ। प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ। अध्ययन तथा सिर्जनात्मक क्षेत्रमा सफलता प्राप्त हुन सक्छ। स्वास्थ्य राम्रो रहनेछ।

**मीन** (**दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**)

मीन राशिका लागि यो साता आत्मविश्वास बढ्ने देखिन्छ। कार्यक्षेत्रमा नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। आर्थिक पक्ष बलियो रहने संकेत छ। परिवार तथा आफन्तबाट सहयोग प्राप्त हुनेछ। प्रेम सम्बन्धमा मधुरता आउनेछ। विद्यार्थीहरूका लागि अध्ययनमा प्रगति हुने समय छ। यात्राबाट लाभ मिल्न सक्छ। स्वास्थ्य सामान्यतया राम्रो रहनेछ, तर नियमित व्यायाम र खानपानमा ध्यान दिनु उपयुक्त हुनेछ।

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे
हामीलाई सम्झिनु होस्
स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :
- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला
आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं ।
हामी तपाईंहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाईंहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईंहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।
सम्पर्क नं.९८१८६७००८८
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.
काठमाडौं–११



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

**विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी**

**तपाईका सन्तान विदेशमा पढ्दैछन् ?**
**तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?**
**तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?**

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ।
त्यसका लागि

**सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)**
**इन्टरनेशनल स्टुडेट्न्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल**
**काठमाडौं–११, बबरमहल**

# पत्रकारिता, विज्ञापन र महासंघको आन्दोलन

**रमेश कुमार बोहोरा**

समुन्नत लोकतन्त्रमा संविधानले परिकल्पना गरेका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका जत्तिकै महत्वपूर्ण मानिने अर्को संस्था हो- स्वतन्त्र पत्रकारिता। लोकतन्त्रको चौथो अंगका रूपमा स्थापित पत्रकारिताको स्वतन्त्रता, पत्रकारहरूको हक-अधिकार, सुरक्षा, सम्मान तथा सम्मानजनक जीविकोपार्जनको सुनिश्चितता भएको समाजलाई नै वास्तवमा लोकतान्त्रिक समाज मानिन्छ।

पत्रकारिताको मूल दायित्व जनताको आवाज मुखरित गर्नु, राज्यसत्ता र अन्य शक्तिकेन्द्रलाई खबरदारी गर्नु हो। यसैगरी सकारात्मक कार्यको प्रवर्द्धन गर्नु, विकृति र विसंगतिमाथि प्रश्न उठाउनु तथा समाजलाई सचेत र जिम्मेवार दिशातर्फ डोऱ्याउनु हो। यस्तो पत्रकारिता राज्य, राजनीतिक दल, व्यावसायिक समूह, कुनै समुदाय वा अन्य कुनै प्रभाव केन्द्रबाट स्वतन्त्र हुनुपर्छ। अझ राज्य स्वयंले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रेसमाथि नियन्त्रण स्थापित गर्न खोज्छ भने त्यहाँ लोकतन्त्र कमजोर बन्दै गएको संकेत मानिन्छ।

नेपालमा यतिबेला स्वतन्त्र पत्रकारिता र लोकतन्त्रको सम्बन्धलाई लिएर गम्भीर बहस चलिरहेको छ। फागुन २१ गतेको निर्वाचनपछि बनेको झण्डै दुई तिहाइ बहुमतको सरकारले २०८२ चैत १८ गते तीनै तहका सरकारका सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्रै प्रवाह गर्ने निर्णय गरेपछि शुरु भएको विवाद अहिले राष्ट्रिय सीमाभन्दा बाहिर अन्तर्राष्ट्रिय मञ्चसम्म पुगेको छ।

यो विवाद केवल विज्ञापन वितरणको विषय होइन। यो प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक तथा स्वतन्त्र सञ्चारमाध्यमको आर्थिक अस्तित्वसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। सरकारको उक्त निर्णयले निजी सञ्चारमाध्यमलाई क्रमशः आर्थिक रूपमा कमजोर बनाउने र अन्ततः सञ्चार क्षेत्रलाई राज्यको प्रभावभित्र सीमित गर्ने प्रयास हुन सक्ने आशंका पैदा गरेको छ।

लोकतान्त्रिक शासन व्यवस्थामा सरकार सबै नागरिक र संस्थाप्रति समान व्यवहार गर्न बाध्य हुन्छ। सार्वजनिक स्रोतको रूपमा रहेको सूचना र विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र केन्द्रित गर्ने निर्णयले राज्य आफैं प्रतिस्पर्धी बनेर निजी सञ्चारमाध्यमलाई पाखा लगाउने मनोवृत्ति झल्काएको देखिन्छ। यही कारणले यो विषयले व्यापक बहस र चिन्ता जन्माएको हो।

नेपाल पत्रकार महासंघले शुरुदेखि नै उक्त निर्णयको विरोध गर्दै यसलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपका रूपमा व्याख्या गरेको थियो। महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय खारेज गर्न माग गर्दै राष्ट्रिय मानवअधिकार आयोगको समेत ध्यानाकर्षण गराएको थियो। अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकसँग प्रत्यक्ष सम्बन्धित विषयमा हस्तक्षेप गर्न आयोगलाई आग्रह गरिए पनि आयोगको प्रतिक्रिया अपेक्षाअनुसार आएन।

मानवअधिकार आयोगको मौनताले स्वाभाविक रूपमा अनेक प्रश्न जन्माएको छ। नागरिकका आधारभूत अधिकारको संरक्षण गर्ने संवैधानिक जिम्मेवारी बोकेको संस्थाले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतासँग प्रत्यक्ष सम्बन्धित विषयमा किन मौनता रोज्यो ? जब अभिव्यक्ति स्वतन्त्रता खुम्चिने जोखिम देखिन्छ, त्यतिबेला आयोगको भूमिका अझ सक्रिय हुनुपर्ने होइन र ? विडम्बना के छ भने सामान्य विषयमा समेत धारणा सार्वजनिक गर्ने आयोग यस विषयमा न बोलेको देखियो, न कुनै औपचारिक अध्ययन वा अनुसन्धान गरेको सार्वजनिक जानकारी नै आयो।

आयोगको यही निष्क्रियतामाथि अहिले प्रश्न उठ्न थालेका छन्। प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप कुनै एउटा सञ्चारगृहको मात्र समस्या होइन। यो नागरिकको सूचना प्राप्त गर्ने अधिकारसँग सम्बन्धित विषय हो। सञ्चारमाध्यम कमजोर हुँदा अन्ततः कमजोर हुने लोकतन्त्र नै हो।

सरकारले निर्णय गरेको लामो समय बितिसक्दा पनि मागको सुनुवाइ नभएपछि नेपाल पत्रकार महासंघ आन्दोलनको बाटोमा जान बाध्य भयो। महासंघले सूचना तथा विज्ञापनसम्बन्धी विभेदकारी निर्णय खारेज गर्न, प्रेसको संवैधानिक हकको रक्षा गर्न, संवादमार्फत सर्वपक्षीय कार्यदल गठन गर्न तथा निर्बाध सूचना उपयोगको सुनिश्चितताका लागि चरणबद्ध आन्दोलनको घोषणा गऱ्यो।

बैशाख ९ गतेदेखि शुरु भएको आन्दोलन अन्तर्गत प्रदेश समितिहरूले मुख्यमन्त्रीहरूसँग छलफल गरे। बैशाख १० गते जिल्ला शाखाहरूले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाए । केन्द्रीय समितिले पत्रकार सम्मेलनमार्फत आफ्नो धारणा सार्वजनिक गऱ्यो। बैशाख ११ गते सम्पादकीय ऐक्यवद्धता प्रदर्शन गरियो र सामाजिक सञ्जालमार्फत विरोध अभियान सञ्चालन गरियो।

'समान विज्ञापन, सशक्त सञ्चारमाध्यम र सुरक्षित पत्रकार' तथा 'सरकारी विज्ञापन सबैलाई देऊ' भन्ने नारासहित आन्दोलन विस्तार हुँदै गयो। बैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल गरियो भने बैशाख १५ गते स्थानीय तहलाई संघीय सरकारको निर्णय कार्यान्वयन नगर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइयो। जेठ ७ गतेदेखि हस्ताक्षर सङ्कलन अभियान सञ्चालन गरियो र जेठ ११ गते संघीय संसद्का प्रमुख पदाधिकारी तथा विषयगत समितिहरूलाई ज्ञापनपत्र बुझाइयो। सोही दिन देशभरका सञ्चारमाध्यममा विरोधस्वरूप सम्पादकीय वा अन्य स्थानमा कालो पोत्ने प्रतीकात्मक अभियान सञ्चालन गरियो। माग पूरा नभएपछि आन्दोलन थप सशक्त बनाइयो। जेठ २५ गते देशभर संकलित हस्ताक्षर प्रधानमन्त्रीसमक्ष पठाइयो। जेठ २७ र २९ गते जिल्ला प्रशासन कार्यालयहरूमा धर्ना दिइयो भने असार १ र ३ गते मुख्यमन्त्री कार्यालयहरूमा धर्ना कार्यक्रम सम्पन्न भए। अन्ततः असार ५ गते काठमाडौंमा पेशागत सङ्गठन र सरोकारवालाको सहभागितामा माइतीघर मण्डलादेखि बबरमहलसम्म वृहत् ऐक्यबद्धता ऱ्याली आयोजना गरियो। हजारौं नागरिकको सहभागिताले आन्दोलनले व्यापक समर्थन पाएको संकेत दियो।

महासंघको आन्दोलन केवल विज्ञापनको हिस्सा प्राप्त गर्ने उद्देश्यले भएको होइन भन्ने तर्कलाई सहजै अस्वीकार गर्न सकिँदैन। विश्वव्यापी अनुभवले देखाएको छ कि सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने नीतिहरू अन्ततः आलोचनात्मक आवाज नियन्त्रण गर्ने अप्रत्यक्ष माध्यम बन्न सक्छन्। त्यसैले आर्थिक आधार र प्रेस स्वतन्त्रताको सम्बन्धलाई अलग गरेर हेर्न सकिँदैन।

यस आन्दोलनका क्रममा उठेका केही प्रश्नहरू पनि उत्तिकै गम्भीर छन्। सरकारी विज्ञापन नपाउँदा ठूला सञ्चारगृहहरूको आर्थिक कठिनाइलाई प्रेस स्वतन्त्रताको प्रश्नसँग कसरी जोड्ने भन्ने जिज्ञासा विभिन्न कोणबाट उठिरहेको छ। अर्को प्रश्न छ कि यदि विज्ञापन वितरणमा समानता आवश्यक छ भने लामो समयदेखि साप्ताहिक पत्रिका र साना सञ्चारमाध्यमले समानुपातिक विज्ञापन किन पाउन सकेनन् ?

यही प्रश्नले अर्को महत्वपूर्ण बहस जन्माएको छ। नेपाली पत्रकारिताको इतिहास, संघर्ष र विचार निर्माणको यात्रामा साप्ताहिक पत्रिकाहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहँदै आएको छ। सीमित स्रोतसाधनका बीच सम्पादक र प्रकाशकले व्यक्तिगत त्याग गरेर सञ्चालन गरेका यस्ता प्रकाशनहरू आज पनि वैचारिक बहस र जनमत निर्माणमा सक्रिय छन्। त्यसैले प्रेस स्वतन्त्रताको बहसमा उनीहरूको अस्तित्व र आर्थिक स्थायित्वको प्रश्न पनि उत्तिकै



महत्वपूर्ण छ।

प्रेस भनेको केवल ठूला घराना, राष्ट्रिय दैनिक, रेडियो वा टेलिभिजन मात्र होइन। साना लगानीका पत्रपत्रिका, स्थानीय सञ्चारमाध्यम र वैकल्पिक प्रकाशनहरू पनि प्रेसका अभिन्न अंग हुन्। त्यसैले राज्यका स्रोतमा समान पहुँचको माग गर्दा प्रेस क्षेत्रभित्रकै असमानतालाई पनि सम्वोधन गर्नुपर्ने आवश्यकता छ। यो विषयलाई नेपाल पत्रकार महासंघले थप गम्भीरतापूर्वक लिनुपर्ने आवाज बढ्दै गएको छ।

सबैभन्दा चिन्ताजनक पक्ष भने नेपालको प्रेस स्वतन्त्रताको विषय अन्तर्राष्ट्रिय पत्रकार महासंघको पेरिस सम्मेलनसम्म पुग्नु हो। सम्मेलनले नेपालको अवस्थाप्रति चासो व्यक्त गर्दै सरकारलाई आफ्नो निर्णय पुनर्विचार गर्न आग्रह गरेको छ। एउटा लोकतान्त्रिक मुलुकको प्रेस स्वतन्त्रताको अवस्था अन्तर्राष्ट्रिय चिन्ताको विषय बन्नु सामान्य घटना होइन। यसले नेपालको लोकतान्त्रिक छवि र अन्तर्राष्ट्रिय प्रतिष्ठामाथि प्रश्न उठाउने जोखिम पैदा गरेको छ।

नेपालले लामो संघर्षपछि प्राप्त गरेको प्रेस स्वतन्त्रता कुनै सरकारको कृपाबाट प्राप्त भएको उपलब्धि होइन। यसका लागि पत्रकारहरूले जेल जीवन बिताएका छन्, धम्की र दमन सहेका छन् र कतिपयले आफ्नो जीवनसमेत गुमाएका छन्। त्यसैले प्रेस स्वतन्त्रतालाई कमजोर पार्ने कुनै पनि कदमलाई सामान्य प्रशासनिक निर्णयका रूपमा मात्र हेर्न मिल्दैन।

अहिलेको आवश्यकता टकराव होइन, संवाद हो। सरकारले आफ्नो निर्णय पुनरावलोकन गर्दै सबै पक्षको सहभागितामा समाधान खोज्नुपर्छ। राज्यका संवैधानिक निकायहरूले पनि आफ्नो दायित्व सम्झनुपर्छ। विशेषतः मानवअधिकार आयोगले आफ्नो मौनता तोडेर स्पष्ट धारणा सार्वजनिक गर्नुपर्छ। प्रेस स्वतन्त्रताको प्रश्नमा मौनता पनि एक प्रकारको सहमति ठहरिन सक्छ भन्ने तथ्यलाई बेवास्ता गर्न मिल्दैन।

प्रेस स्वतन्त्रता कुनै सञ्चारगृह, पत्रकार वा संस्थाको विशेषाधिकार होइन। यो नागरिकको अधिकार हो। स्वतन्त्र सञ्चारमाध्यम कमजोर भए लोकतन्त्र कमजोर हुन्छ, लोकतन्त्र कमजोर भए नागरिक स्वतन्त्रता खुम्चिन्छ। त्यसैले आजको बहस विज्ञापनको भागबण्डाभन्दा धेरै ठूलो विषय हो। यो लोकतन्त्रको आत्मालाई सशक्त बनाउने कि क्रमशः नियन्त्रणको घेरामा सीमित गर्ने भन्ने प्रश्न हो। पत्रकार महासंघको आन्दोलनको मूल सन्देश पनि यही हो कि राज्यका स्रोतमा समान पहुँच, अभिव्यक्ति स्वतन्त्रताको सम्मान, सूचनाको हकको संरक्षण र स्वतन्त्र पत्रकारिताको अस्तित्वको रक्षा होस्। यदि यी आवाजहरूलाई बेवास्ता गरियो भने इतिहासले फेरि सम्झाउनेछ कि प्रेसमाथिको नियन्त्रण सधैं सानो निर्णयबाट शुरु हुन्छ, तर त्यसको परिणाम लोकतन्त्रका लागि अत्यन्त महंगो साबित हुन सक्छ। *(लेखक बोहोरा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)*


# जय नेपाल फाउन्डेशनमा पण्डित नै

काठमाडौं/ विश्वभर छरिएका नेपाली समुदायबीच ज्ञान, सीप र अनुभवको आदानप्रदानलाई लक्ष्य बनाउँदै स्थापना गरिएको जय नेपाल इन्टरनेसनल फाउन्डेशन (जेएनआईएफ) को पहिलो वार्षिक साधारण सभा तथा अधिवेशनले नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ। भर्चुअल माध्यमबाट आयोजित अधिवेशनले डा. यादव पण्डितलाई पुनः केन्द्रीय अध्यक्षको जिम्मेवारी सुम्पिएको हो।

संस्थाको मुख्य कार्यालय अमेरिकामा रहेको फाउन्डेशनको अधिवेशनमा विभिन्न देशमा रहेका नेपाली समुदायका प्रतिनिधि, गैरआवासीय नेपाली संघ (एनआरएनए) का पदाधिकारी, अन्तर्राष्ट्रिय च्याप्टरका सदस्य तथा शुभेच्छुकहरूको सहभागिता रहेको थियो।

अधिवेशनमा संस्थाले विगत एक वर्षमा सम्पन्न गरेका गतिविधि, संगठन विस्तार तथा आगामी कार्ययोजनाबारे व्यापक छलफल गरिएको थियो। महासचिव अग्नि चौलागाईंले संस्थाको स्थापना यता सञ्चालन गरिएका कार्यक्रम, अन्तर्राष्ट्रिय सञ्जाल विस्तार, विभिन्न विभाग तथा च्याप्टरहरूको गतिविधिबारे जानकारी प्रस्तुत गरेका थिए।

त्यसैगरी कोषाध्यक्ष गोविन्द श्रेष्ठले आर्थिक तथा सांगठनिक प्रतिवेदन प्रस्तुत गर्दै फाउन्डेशनमा हाल २९ जना गभर्निङ काउन्सिल सदस्य र ९२ जना आजीवन सदस्य आवद्ध रहेको जानकारी दिए।



संस्थाले विश्वभर रहेका नेपाली विज्ञ, पेशाकर्मी र बौद्धिक व्यक्तित्वहरूलाई जोड्ने उद्देश्यसहित विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको पनि प्रतिवेदनमा उल्लेख गरिएको थियो।

ग्लोबल नलेज नेटवर्कका प्रमुख डा. निरज श्रेष्ठले संस्थाले आयोजना गर्दै आएका वेबिनार तथा ज्ञानमूलक कार्यक्रमहरूको विवरण प्रस्तुत गरे भने युवा विभागका कार्यवाहक अध्यक्ष महेन्द्र बस्नेतले विभागअन्तर्गत ३४ देशमा संगठनात्मक संरचना विस्तार भइसकेको जानकारी गराए। महिला विभाग संयोजक विनिता अधिकारीले महिला नेतृत्व विकास तथा सशक्तीकरणका क्षेत्रमा सञ्चालन भएका कार्यक्रमबारे जानकारी दिइन्।

अधिवेशनमा विभिन्न देशका च्याप्टर प्रमुखहरूले आफ्नो क्षेत्रका गतिविधि तथा भावी योजनाबारे धारणा राखेका थिए। अष्ट्रेलिया च्याप्टरका अध्यक्ष डा. डिल्ली बन्जाडे, डेनमार्क च्याप्टरकी अध्यक्ष सीता बराल तथा बेलायत च्याप्टरका अध्यक्ष डा. सम्पूर्णानन्द ढुंगानालगायतले संस्थाको अन्तर्राष्ट्रिय विस्तार र ज्ञान आदानप्रदानलाई अझ प्रभावकारी बनाउन सुझाव दिएका थिए।

कार्यक्रममा नेपाली भाषा, संस्कृति तथा पहिचान संरक्षणका लागि सञ्चालन गरिएका अभियानहरूका साथै अनुसन्धान र नीतिगत अध्ययनमा केन्द्रित 'जय नेपाल अनुसन्धान संस्था' सम्बन्धी अवधारणासमेत प्रस्तुत गरिएको थियो। सहभागीहरूले संस्थालाई विश्वव्यापी नेपाली बौद्धिक सञ्जालका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याएका थिए।

निर्वाचन समितिका संयोजक विश्वनाथ बरालले अधिवेशनको अन्त्यमा निर्वाचन परिणाम घोषणा गर्दै नवनिर्वाचित अध्यक्ष डा. यादव पण्डितलाई पद तथा गोपनीयताको शपथ गराएका थिए। शपथ ग्रहणपछि अध्यक्ष पण्डितले विश्वभर रहेका नेपाली समुदायबीच सहकार्य, ज्ञान आदानप्रदान र संस्थागत एकतालाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरे। उनले फाउन्डेशनलाई अन्तर्राष्ट्रिय स्तरमा अझ प्रभावकारी र परिणाममुखी संस्थाका रूपमा विकास गर्ने लक्ष्यसहित आगामी कार्यकाल अघि बढाइने बताए।

संस्थाका अन्य पदाधिकारीहरू भने अध्यक्षद्वारा पछि मनोनयन गरिने जनाइएको छ।



दूर दृष्टि डिजिटल प्रा.लि.
सम्पर्क: मनिषजी मो.नं.९८५१३६०६२१

# इनरुवा नगरपालिकाले ल्यायो ९६ करोड ६७ लाखको बजेट

**पिएमणि भट्टराई**

इनरुवा/ इनरुवा नगरपालिकाले आगामी आर्थिक बर्ष २०८३/०८४ का लागि रु.९६ करोड ६७ लाख ४५ हजार ५ सय १२ को अनुमानित बजेट पेश गरेको छ। बुधबार आयोजित नगरपालिकाको १७ औं नगर सभाको अधिवेशनमा उप प्रमुख विनिता मेहताले सो अनुमानित बजेट प्रस्तुत गरेकी हुन्।




इनरुवा नगरपालिकाको आन्तरिक श्रोत,संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, संघीय र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड, विभिन्न अनुदान र चालु बर्षको बैंक मौज्दातबाट व्यवस्थापन हुने गरी विनियोजन गरिएको मेहताले बताइन्। बजेट प्रस्तुत गर्दै उपप्रमुख मेहताले आगामी आर्थिक बर्षको बजेटमा पूर्वाधार विकास,स्वास्थ्य, शिक्षा नगरको सरसफाई, कृषि पर्यटन र नगरका गौरवको आयोजनाहरुलाई प्राथमिकतामा राखेको बताइन्।

कार्यक्रममा नगर प्रमुख केदार भण्डारीले चार बर्षको आफ्नो कार्यकालमा इनरुवाले विकासमा लामो फड्को मारेको बताए। उनले फाहोर मैलाको व्यवस्थापन, वडा कार्यलयहरुको निर्माण, स्वास्थ चौकीको निर्माण, कृषि क्षेत्र लगायत खानेपानीको व्यवस्था भएको जनाए। नगरसभा इनरुवाका नगर प्रमुख भण्डारीको अध्यक्षतामा भएको थियो। सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत भाष्कर दाहाल, शिक्षाका प्रमुख डिल्लीराज निरौला, नगरकार्यपालिकाका सदस्यहरु, १० वटै वडाका अध्यक्षहरु वडा सदस्य र नगरपालिकाका कर्मचारीहरुको सहभागिता रहेको थियो।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# कांग्रेस मिलनमा व्यक्तिगत स्वार्थ बाधक

**पिएमणि भट्टराई**

नेपाली कांग्रेस यतिबेला आफ्नो राजनीतिक इतिहासको एउटा महत्वपूर्ण मोडमा उभिएको छ। विशेष महाधिवेशनबाट नयाँ नेतृत्वको उदय भएपछि पार्टी अब १५औं महाधिवेशनको तयारीतर्फ अग्रसर भएको देखिन्छ। संगठन पुनर्संरचना, सदस्यताको डिजिटल अध्यावधिक, नयाँ पुस्ताको नेतृत्वको उदय र आगामी राजनीतिक दिशाबारे बहस भइरहेका बेला पार्टीभित्रको शक्ति सन्तुलनको प्रश्न पनि उत्तिकै चर्चाको विषय बनेको छ।

विशेष महाधिवेशनबाट गगनकुमार थापा सभापति, विश्वप्रकाश शर्मा र पुष्पा भूसाल उपसभापति तथा गुरुराज घिमिरे र प्रदीप पौडेल महामन्त्रीको भूमिकामा आएको नेतृत्वलाई पार्टीको एउटा नयाँ अध्यायका रूपमा हेरिएको छ। यो नेतृत्व उदयसँगै कांग्रेसभित्र पुस्तान्तरण, संगठनात्मक सुधार र नयाँ राजनीतिक भाष्यको बहस पनि तीव्र बनेको छ। पार्टीभित्रका केही वरिष्ठ नेताहरू भने यस परिवर्तनप्रति पूर्ण रूपमा सहज देखिएका छैनन् भन्ने राजनीतिक टिप्पणीहरू निरन्तर सुनिँदै आएका छन्।

शेखर कोइराला, पूर्णबहादुर खड्का, विमलेन्द्र निधि, प्रकाशमान सिंह, विजयकुमार गच्छदार र कृष्णप्रसाद सिटौला जस्ता नेताहरू कांग्रेसका लामो राजनीतिक अनुभव भएका प्रभावशाली व्यक्तित्वहरू हुन्। उनीहरूले विभिन्न कालखण्डमा पार्टी संगठन निर्माण, लोकतान्त्रिक आन्दोलन तथा राज्य सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। त्यसैले उनीहरूका धारणा र गतिविधिहरू स्वाभाविक रूपमा राजनीतिक बहसको विषय बन्ने गर्दछन्।

राजनीतिक दलभित्र नेतृत्व परिवर्तन हुँदा असन्तुष्टि, फरक दृष्टिकोण वा वैचारिक मतभेद देखिनु कुनै अस्वाभाविक कुरा होइन। बरु लोकतान्त्रिक दलमा यस्ता बहसहरू हुनु स्वाभाविक मानिन्छ। प्रश्न मतभेद हुनु वा नहुनु होइन; ती मतभेदहरूलाई कसरी व्यवस्थापन गरिन्छ भन्ने हो। कांग्रेसभित्र अहिले देखिएको चुनौती पनि यही हो। नयाँ नेतृत्व आफ्नो वैधता र प्रभावकारिता स्थापित गर्न चाहन्छ भने पुराना नेताहरू आफ्नो राजनीतिक अनुभव, संगठनात्मक प्रभाव र भूमिकालाई अझै सान्दर्भिक देख्न चाहन्छन्। यही शक्ति सन्तुलनको प्रयासले विभिन्न प्रकारका राजनीतिक गतिविधिहरूलाई जन्म दिएको देखिन्छ।

विशेष महाधिवेशनपछि बनेको संरचनाले कानूनी तथा संस्थागत मान्यता प्राप्त गरिसकेको अवस्थामा अबको मुख्य बहस वैधताको होइन, कार्यसम्पादन र भविष्यको नेतृत्वको हुनुपर्ने तर्क कांग्रेसभित्रैबाट सुनिन थालेको छ। लोकतान्त्रिक व्यवस्थामा कुनै पनि नेतृत्व अन्तिम हुँदैन। आज नेतृत्वमा रहेको समूह भोलि प्रतिस्पर्धामा पराजित हुन सक्छ र आज असन्तुष्ट पक्ष भोलि बहुमत प्राप्त गरेर नेतृत्वमा आउन सक्छ। यही लोकतन्त्रको आधारभूत सौन्दर्य हो।

यही कारणले अहिले कांग्रेसभित्र देखिएका मतभेदहरूलाई महाधिवेशन केन्द्रित प्रतिस्पर्धामा रूपान्तरण गर्नु आवश्यक देखिन्छ। यदि वरिष्ठ नेताहरूलाई वर्तमान नेतृत्वको कार्यशैली, नीति वा संगठन सञ्चालनप्रति असहमति छ भने त्यसको सबैभन्दा प्रभावकारी उत्तर आगामी महाधिवेशनमै खोज्न सकिन्छ। महाधिवेशन नै लोकतान्त्रिक दलभित्रको सर्वोच्च निर्णायक मञ्च हो। त्यहाँ प्रतिनिधिहरूले नेतृत्वको मूल्याङ्कन गर्छन्, नयाँ नेतृत्व चयन गर्छन् र पार्टीको भविष्यको दिशा तय गर्छन्।

वास्तवमा हेर्ने हो भने कांग्रेसभित्र अहिले दुई फरक राजनीतिक धाराको प्रतिस्पर्धा देखिन्छ। एउटा धाराले नयाँ पुस्ता, संगठनात्मक आधुनिकीकरण, डिजिटल व्यवस्थापन र राजनीतिक पुनर्जागरणको आवश्यकता जोडदार रूपमा उठाइरहेको छ। अर्को धाराले अनुभव, संस्थागत स्मृति, संगठनात्मक निरन्तरता र परम्परागत शक्ति संरचनाको महत्वलाई जोड दिइरहेको छ। यी दुवै धाराबीचको प्रतिस्पर्धा स्वाभाविक हो। यो प्रतिस्पर्धा यदि संगठन सुदृढीकरणको दिशामा केन्द्रित भयो भने कांग्रेसका लागि सकारात्मक हुन सक्छ; यदि निरन्तर अविश्वास र समानान्तर गतिविधिको दिशामा गयो भने पार्टीलाई कमजोर बनाउन सक्छ।

यस सन्दर्भमा सदस्यताको डिजिटल अध्यावधिकको विषय विशेष रूपमा उल्लेखनीय छ। आधुनिक राजनीतिक दलका लागि डिजिटल सदस्यता केवल प्राविधिक विषय होइन, संगठनात्मक विश्वसनीयताको आधार पनि हो। व्यवस्थित सदस्यता अभिलेखले पारदर्शिता बढाउँछ, प्रतिनिधित्वको वास्तविक आधार तयार गर्छ र महाधिवेशन प्रक्रियालाई थप निष्पक्ष बनाउन सहयोग पुऱ्याउँछ। त्यसैले डिजिटल सदस्यता प्रक्रियालाई कसरी अझ विश्वसनीय र समावेशी बनाउने भन्ने बहस हुनु स्वाभाविक भए पनि त्यसलाई संगठन निर्माणको साझा एजेन्डाका रूपमा हेर्नु आवश्यक छ।

आज कांग्रेसले सामना गरिरहेको चुनौती केवल आन्तरिक नेतृत्वको होइन। देशको राजनीतिक परिवेश तीव्र गतिमा परिवर्तन भइरहेको छ। नयाँ राजनीतिक शक्तिहरूको उदय, युवापुस्ताको बढ्दो अपेक्षा, सुशासनको माग, आर्थिक विकासका चुनौती र बदलिँदो राजनीतिक चेतनाले कांग्रेसलाई थप प्रभावकारी र परिणाममुखी बन्न दबाब दिइरहेको छ। यस्तो अवस्थामा पार्टीभित्रको अत्यधिक शक्ति संघर्षले संगठनलाई बाह्य चुनौतीहरूको सामना गर्न कमजोर बनाउन सक्छ।

कांग्रेसको इतिहासले एउटा महत्वपूर्ण शिक्षा पनि दिन्छ। जब-जब पार्टीभित्रको प्रतिस्पर्धा संस्थागत ढंगले व्यवस्थापन भयो, पार्टी बलियो बन्यो। जब-जब व्यक्तिगत वा गुटगत असन्तुष्टिले संस्थागत प्रक्रियालाई ओझेलमा पार्ने प्रयास गऱ्यो, त्यसले संगठनलाई कमजोर बनायो। यही कारणले आजको आवश्यकता आरोप-प्रत्यारोपको निरन्तरता होइन, प्रतिस्पर्धालाई महाधिवेशनको प्रक्रियामा केन्द्रित गर्नु हो।

यदि शेखर कोइराला, पूर्णबहादुर खड्का, विमलेन्द्र निधि, प्रकाशमान सिंह, विजयकुमार गच्छदार वा कृष्णप्रसाद सिटौला लगायतका नेताहरूलाई वर्तमान नेतृत्वभन्दा आफूहरू बढी सक्षम, प्रभावकारी वा संगठनका लागि उपयुक्त लाग्छ भने त्यसको परीक्षण आगामी महाधिवेशनमै हुन सक्छ। त्यहाँ प्रतिनिधिहरूले कसलाई विश्वास गर्ने भन्ने निर्णय गर्नेछन्। लोकतन्त्रमा अन्ततः निर्णय व्यक्तिको दाबीले होइन, मतदाताको मतले हुन्छ।

त्यसैगरी वर्तमान नेतृत्वका लागि पनि चुनौती कम छैन। गगन कुमार थापा, विश्वप्रकाश शर्मा, गुरुराज घिमिरे र प्रदीप पौडेल लगायतका नेताहरूले आफ्नो



नेतृत्वको औचित्य केवल निर्वाचन जितेर होइन, परिणाम देखाएर प्रमाणित गर्नुपर्नेछ। संगठन विस्तार, कार्यकर्ता परिचालन, नीति निर्माण, जनविश्वास वृद्धि तथा पार्टीभित्रको एकता कायम राख्ने जिम्मेवारी उनीहरूमाथि पनि उत्तिकै छ।

वरिष्ठ नेताहरूको अनुभव र नयाँ नेतृत्वको ऊर्जा एकअर्काका प्रतिस्पर्धी मात्र होइनन्, परिपूरक शक्ति पनि बन्न सक्छन्। कांग्रेसको वास्तविक शक्ति यही संयोजनमा निहित छ। यदि अनुभव र ऊर्जा, परम्परा र परिवर्तन, वरिष्ठता र नवीनता बीच सन्तुलन कायम गर्न सकियो भने कांग्रेस अझ बलियो राजनीतिक शक्तिका रूपमा उभिन सक्छ।

कांग्रेसको भविष्य कुनै एक नेता, समूह वा गुटको भविष्यभन्दा ठूलो विषय हो। पार्टीभित्रका सबै पक्षहरूले महाधिवेशनलाई अन्तिम निर्णायक मञ्चका रूपमा स्वीकार गर्दै संगठन निर्माणमा केन्द्रित हुन सके कांग्रेसले आफ्नो ऐतिहासिक भूमिकालाई थप सशक्त रूपमा निर्वाह गर्न सक्छ। मतभेद लोकतन्त्रको कमजोरी होइन; तर ती मतभेदलाई संस्थागत प्रतिस्पर्धामा रूपान्तरण गर्न नसक्नु भने अवश्य कमजोरी हो।

आज कांग्रेसलाई आवश्यक परेको कुरा यही हो कि विवादको निरन्तरता होइन, महाधिवेशनको तयारी; समानान्तर गतिविधि होइन, संगठनात्मक प्रतिस्पर्धा र व्यक्तिकेन्द्रित संघर्ष होइन, संस्थागत लोकतन्त्रको सुदृढीकरण। यदि पार्टीभित्रका सबै पक्षहरू यही दिशामा अघि बढ्न सके भने आगामी महाधिवेशन केवल नेतृत्व चयनको प्रक्रिया मात्र हुने छैन, कांग्रेसको नयाँ राजनीतिक पुनर्जागरणको आधार पनि बन्न सक्छ।

# The Uniqueness of Diamonds

**P. Pilgrim**

Diamonds are one of those unique and rare commodities which draws the curiosity of men. Natural diamonds are considered rare because they require extreme heat and pressure to form deep within the earth and rely on ancient volcanic eruptions to bring them to the surface. While carbon itself is abundant, the specific geological circumstances that create gem-



quality diamonds make them uniquely scarce. Once mined, only a small fraction of these stones possess the size, colour, and clarity necessary to be used in fine jewellery. The largest gem-quality rough diamond ever found so far is the Cullinan Diamond. It was approximately 10.1 centimetres long, 6.35 centimetres wide, 5.9 centimetres deep, and weighed 3,106 carats or 621.20 grams. It was discovered at the Premier No.2 mine in Cullinan, South Africa, on 26 January 1905. It was named after Thomas Cullinan, the owner of the mine.

The uncut stone was brought to England to be sold in April 1905, but despite considerable interest, it was still unsold after two years. In 1907, the Transvaal Colony government bought the Cullinan and Prime Minister Louis Botha presented it to Edward VII of England. The diamond was then cut by Joseph Asscher & Co. in Amsterdam. Due to its massive size, it was cut into nine major stones. The largest is the Cullinan I and was named the Great Star of Africa by Edward VII, and at 530.4 carats (106.08 g), it is the largest cut clear-diamond in the world. The stone is mounted in the head of the Sovereign's Sceptre with Cross. The second largest cut clear-diamond is Cullinan II or the Second Star of Africa, weighing 317.4 carats (63.48 g), it is mounted in the Imperial State Crown. Both are part of the Crown Jewels of the United Kingdom and kept in the Jewel House at the Tower of London. In the world of gemstones rarity, colour, size and flawlessness are the unique qualities most prized.

The Bible teaches that the living God is unique too. The prophet Isaiah is one of the principal prophets who focused on this teaching. In his book Isaiah chapter 46 verse 9 he says 'Remember the former things of old: for I am God, and there is none else; I am God, and there is none like me,'. The chapter before he says the same thing, Isaiah 45 verse 5 'I am the LORD, and there is none else, there is no God beside me:'. This teaches the uniqueness of the living God. In a world of polytheism the God of the bible states clearly and decisively that he is the only God. He has revealed himself to his people and is absolute in his power therefore sovereign overthe world. Furthermore, he has obligated himself to act on behalf of those who trust in him. He is the only creator of the world, and he challenges the other gods to prove themselves. In Isaiah 41 verse 21 he says 'Produce your cause,'. Bring forth evidence that you are a god, tell us something that you have done, tell us the future that we can see you are telling the truth. But none answered him. In Isaiah 41 verse 28, 29 he says 'For I beheld, and there was no man; even among them, … could answer a word. Behold, they are all vanity; their works are nothing: their molten images are wind and confusion.' The living God is saying I am unique there is no one like me in all the world.

The Cullinan Diamonds are the only ones for size, clarity and therefore rarity in the world. They are one of a kind, they are unique. That is what God says I am the only living God therefore you can trust in me.

*(pilgrimway101@yahoo.com)*

सन्तुलित जनसंख्याः विकासको आधार


❖ जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
❖ जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
❖ मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
❖ किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
❖ लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रबर्द्धन गरौं,
❖ शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

शिक्षा, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुन चाँदीका गहनाका लागि
हामीलाई सम्झिनु होस्

विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस्।
तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा।
सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाइँहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं।





न्यु वुद्ध गहना गृह
मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं
फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

## हकदैया ...

कानूनी हैसियतलाई जनाउँछ। सरल शब्दमा भन्नुपर्दा, "कसले अदालतमा मुद्दा गर्न पाउँछ ?" भन्ने प्रश्नको उत्तर नै हकदैया हो।

परम्परागत अंग्रेजी कानूनमा हकदैयाको अवधारणा अत्यन्त संकुचित थियो। कुनै व्यक्तिको अधिकार प्रत्यक्ष रूपमा प्रभावित भएको छैन भने उसलाई अदालतमा जाने अनुमति दिइँदैनथ्यो। यस अवधारणाको मूल उद्देश्य अदालतलाई अनावश्यक र काल्पनिक विवादबाट जोगाउनु थियो। अदालतको समय र स्रोत वास्तविक विवादमा केन्द्रित रहून् भन्ने मान्यताले यस सिद्धान्तलाई जन्म दिएको थियो।

उदाहरणका लागि, यदि कुनै व्यक्तिको घर भत्काइयो भने उसैले मात्र अदालतमा जान सक्थ्यो। छिमेकी वा अन्य सरोकारवालाले सामान्यतया त्यस विषयमा मुद्दा गर्न पाउँदैनथे। आधुनिक लोकतान्त्रिक शासन प्रणालीमा यस अवधारणाले ठूलो परिवर्तन अनुभव गरेको छ। समाजमा यस्ता धेरै विषय छन् जहाँ प्रत्यक्ष पीडितको पहिचान कठिन हुन्छ, तर त्यसको प्रभाव सम्पूर्ण समाजमा पर्छ। वातावरण प्रदूषण, नदी अतिक्रमण, भ्रष्टाचार, मानव अधिकार उल्लंघन, बालश्रम वा महिला हिंसाजस्ता विषयमा परम्परागत हकदैयाको अवधारणा पर्याप्त थिएन। यही कारणले सार्वजनिक सरोकारको मुद्दा (Public Interest Litigation) को विकास भयो।

नेपालमा सार्वजनिक सरोकारको न्यायशास्त्र विशेष गरी २०४६ सालपछि उल्लेखनीय रूपमा विकसित भएको पाइन्छ। सर्वोच्च अदालतले विभिन्न नजीरमार्फत हकदैयालाई उदार रूपमा व्याख्या गर्दै आएको छ। अदालतले न्यायमा पहुँचलाई मौलिक अधिकारसँग जोडेर हेर्न थालेपछि हकदैयाको परिधि फराकिलो भएको हो।

नेपालको संविधानले प्रत्येक नागरिकलाई संवैधानिक उपचारको हक प्रदान गरेको छ। संविधानको धारा ४६ ले मौलिक हकको उल्लंघन भएमा अदालतमा जाने अधिकार सुनिश्चित गरेको छ भने धारा १३३ र १४४ ले सर्वोच्च अदालत र उच्च अदालतलाई रिट जारी गर्ने अधिकार दिएको छ। यिनै व्यवस्थाहरूले हकदैयाको आधुनिक अवधारणालाई संवैधानिक आधार प्रदान गरेका छन्।

नेपालको न्यायिक इतिहासमा सार्वजनिक सरोकारका धेरै महत्वपूर्ण मुद्दाहरू दर्ता भएका छन्। वातावरण संरक्षण, सडक बालबालिकाको अधिकार, बन्दीहरूको अधिकार, महिला अधिकार तथा सुशासनसँग सम्बन्धित मुद्दाहरूमा अदालतले उदार हकदैयाको सिद्धान्त अपनाएको छ। यसबाट न्यायालयले आफूलाई केवल विवाद समाधान गर्ने संस्था मात्र नभई संविधान र सार्वजनिक हितको संरक्षकका रूपमा पनि प्रस्तुत गरेको देखिन्छ।

हकदैयाको महत्व केवल अदालतमा प्रवेश गर्ने अधिकारमा सीमित छैन। यो न्यायमा पहुँच (Access to Justice) सँग प्रत्यक्ष रूपमा सम्बन्धित छ। यदि हकदैयालाई अत्यधिक संकुचित बनाइयो भने धेरै अन्याय अदालतसम्म पुग्नै सक्दैनन्। त्यसैले आधुनिक न्यायशास्त्रले "न्यायिक सक्रियता" र "सार्वजनिक हित" को दृष्टिकोणबाट हकदैयाको व्याख्या गर्ने प्रवृत्ति विकास गरेको छ।

*हदम्याद के हो ?*

हदम्याद (Limitation) भन्नाले कानूनले तोकेको त्यस्तो समयसीमालाई बुझिन्छ जसभित्र सम्बन्धित व्यक्तिले आफ्नो अधिकारको संरक्षणका लागि कानूनी उपचार खोज्नुपर्छ। यदि उक्त समयसीमाभित्र दाबी प्रस्तुत गरिएन भने सामान्यतया अदालतले त्यसलाई स्वीकार गर्दैन।

पहिलो दृष्टिमा हेर्दा हदम्यादले अधिकार सीमित गरेको जस्तो देखिए पनि यसको वास्तविक उद्देश्य न्यायिक प्रणालीमा निश्चितता र स्थिरता कायम गर्नु हो। यदि कुनै विवाद अनिश्चितकालसम्म उठाउन सकिने हो भने समाजमा कानूनी सुरक्षा र निश्चितता कायम हुन सक्दैन। मानिसहरू आफ्नो सम्पत्ति, करार वा सामाजिक सम्बन्धप्रति विश्वस्त हुन सक्दैनन्।

कल्पना गरौँ, कुनै व्यक्तिले ४० वर्षअघि भएको सामान्य ऋण सम्बन्धी विवाद अहिले अदालतमा लिएर आयो भने प्रमाण, साक्षी तथा अन्य सामग्री उपलब्ध नहुन सक्छन्। यस्ता विवादमा सत्य पत्ता लगाउन कठिन हुने भएकाले कानूनले निश्चित समयसीमा निर्धारण गरेको हो।

हदम्याद सम्बन्धी विश्वप्रसिद्ध कानूनी सिद्धान्त "Vigilantibus Non Dormientibus Jura Subveniunt" ले भन्छ, "कानूनले जागरुक व्यक्तिलाई सहायता गर्छ, निदाएका व्यक्तिलाई होइन।" यसको अर्थ आफ्नो अधिकारको संरक्षणका लागि सम्बन्धित व्यक्ति स्वयं सक्रिय हुनुपर्छ। कानूनले अनिश्चित कालसम्म प्रतीक्षा गर्दैन।

नेपालको कानूनी व्यवस्थामा विभिन्न प्रकारका मुद्दाका लागि फरक-फरक हदम्याद तोकिएको छ। करार, अंश, लेनदेन, सम्पत्ति, प्रशासनिक निर्णय तथा अन्य विवादहरूमा कानूनले अलग-अलग समयसीमा निर्धारण गरेको छ। अदालतले प्रायः हदम्यादको प्रश्नलाई प्रारम्भिक प्रश्नका रूपमा लिन्छ। यदि मुद्दा हदम्यादभन्दा बाहिर रहेको पाइयो भने अदालतले विवादको सारमा प्रवेश नगरी दाबी खारेज गर्न सक्छ।

सर्वोच्च अदालतले विभिन्न नजीरमा हदम्यादलाई सार्वजनिक नीतिसँग सम्बन्धित विषयका रूपमा व्याख्या गरेको छ। अदालतको दृष्टिकोणमा हदम्याद केवल पक्षहरूको सुविधा वा असुविधाको विषय होइन, यो सम्पूर्ण न्यायिक व्यवस्थाको स्थिरतासँग सम्बन्धित विषय हो। यसैले हदम्यादको पालनालाई सामान्यतया अनिवार्य मानिन्छ।

यसको अर्थ हदम्याद पूर्ण रूपमा कठोर सिद्धान्त हो भन्ने होइन। न्यायिक अभ्यासमा केही विशेष परिस्थितिहरूलाई अदालतले विचार गरेको पाइन्छ। प्राकृतिक प्रकोप, कानूनी असमर्थता, सूचना नपाएको अवस्था वा अन्य असाधारण कारणहरूमा अदालतले न्यायिक विवेक प्रयोग गरेको उदाहरणहरू भेटिन्छन्। यस्ता अपवादहरू सीमित र विशेष प्रकृतिका मात्र हुन्छन्।

*क्षेत्राधिकार अर्थात् सीमा*

क्षेत्राधिकार (Jurisdiction) भन्नाले कुनै अदालत वा न्यायिक निकायलाई कानूनद्वारा प्रदान गरिएको त्यस्तो अधिकारलाई जनाउँछ जसका आधारमा उसले कुनै विवादको सुनुवाइ, निर्णय तथा कार्यान्वयन गर्न सक्छ। क्षेत्राधिकार न्यायिक शक्तिको कानूनी सीमा हो। अदालतसँग क्षेत्राधिकार नभए उसले दिएको निर्णय वैध मानिँदैन। त्यसैले क्षेत्राधिकारलाई न्यायिक प्रक्रियाको आधारभूत शर्त मानिन्छ। क्षेत्राधिकारबिनाको निर्णयलाई कानूनी भाषामा "शून्य" (Void) समेत भन्न सकिन्छ।

क्षेत्राधिकारलाई सामान्यतया विषयगत, भौगोलिक, मौलिक, पुनरावेदन र असाधारण क्षेत्राधिकारका रूपमा वर्गीकरण गरिन्छ।

विषयगत क्षेत्राधिकारले मुद्दाको प्रकृतिका आधारमा अधिकार निर्धारण गर्छ। उदाहरणका लागि, फौजदारी मुद्दा, देवानी मुद्दा, श्रम विवाद वा राजस्व विवाद फरक-फरक निकायले हेर्न सक्छन्।

भौगोलिक क्षेत्राधिकारले घटना भएको स्थान वा पक्षहरूको बसोबासको आधारमा अधिकार निर्धारण गर्छ। काठमाडौंमा भएको विवाद सामान्यतया काठमाडौं क्षेत्राधिकारभित्र पर्ने अदालतमा जानुपर्छ।

मौलिक क्षेत्राधिकार भनेको पहिलो पटक सुनुवाइ गर्ने अधिकार हो। जिल्ला अदालत यसको प्रमुख उदाहरण हो। पुनरावेदन क्षेत्राधिकार अन्तर्गत उच्च अदालत र सर्वोच्च अदालतले तल्लो अदालतका निर्णयहरूको पुनरावलोकन गर्छन्।

असाधारण क्षेत्राधिकार विशेष प्रकृतिको अधिकार हो। रिट, न्यायिक पुनरावलोकन तथा संवैधानिक व्याख्या यसअन्तर्गत पर्दछन्। नेपालको संविधानले सर्वोच्च अदालतलाई संविधानको अन्तिम व्याख्याता तथा मौलिक हकको संरक्षकका रूपमा स्थापित गरेको छ।

संविधानको धारा १२६ ले सर्वोच्च अदालतलाई देशको सर्वोच्च न्यायिक निकायका रूपमा मान्यता दिएको छ। धारा १३३ अन्तर्गत सर्वोच्च अदालतलाई बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, निषेधाज्ञा र अधिकारपृच्छाजस्ता रिट जारी गर्ने अधिकार प्राप्त छ। उच्च अदालतलाई धारा १४४ अन्तर्गत समान प्रकृतिका अधिकार प्रदान गरिएको छ। जिल्ला अदालतलाई धारा १५१ अन्तर्गत प्रारम्भिक तहको अदालतका रूपमा अधिकार प्रदान गरिएको छ।

नेपालको न्यायिक अभ्यासमा क्षेत्राधिकारको प्रश्न अत्यन्त संवेदनशील विषय मानिन्छ। अदालतहरूले बारम्बार दोहोर्‍याएका छन् कि क्षेत्राधिकार कानूनद्वारा सिर्जित हुन्छ, पक्षहरूको सहमतिद्वारा होइन। अर्थात् कुनै अदालतसँग कानूनले अधिकार दिएको छैन भने पक्षहरूले चाहे पनि उसलाई अधिकार दिन सक्दैनन्।

*यिनीहरुको अन्तरसम्बन्ध*

हकदैया, हदम्याद र क्षेत्राधिकार अलग-अलग कानूनी अवधारणा हुन्, व्यवहारमा यी एकअर्कासँग अत्यन्त नजिकबाट सम्बन्धित छन्। कुनै पनि मुद्दा सफलतापूर्वक अदालतमा प्रवेश गर्नका लागि यी तीनवटै तत्व उपस्थित हुनुपर्छ।

मानौँ, रामको जग्गा श्यामले अतिक्रमण गर्‍यो। राम वास्तविक जग्गाधनी भएकाले उससँग हकदैया छ। उसले कानूनले तोकेको समयभित्र मुद्दा दायर गर्नुपर्छ, जसले हदम्यादको शर्त पूरा गर्छ। उसले सम्बन्धित क्षेत्राधिकार भएको अदालतमा नै मुद्दा दायर गर्नुपर्छ। यीमध्ये कुनै एक शर्त पूरा नभएमा मुद्दा प्रारम्भिक चरणमै असफल हुन सक्छ।

यस दृष्टिकोणबाट हेर्दा हकदैया न्यायालयको प्रवेशद्वार हो, हदम्याद समयको सीमा हो र क्षेत्राधिकार अधिकारको सीमा हो। यी तीनवटै अवधारणाले मिलेर न्यायिक प्रक्रियालाई व्यवस्थित, प्रभावकारी र कानूनी रूपमा वैध बनाउँछन्।

हकदैया, हदम्याद र क्षेत्राधिकार न्यायिक प्रक्रियाका तीन आधारभूत स्तम्भ हुन्। हकदयाले कसले न्याय माग्न पाउने भन्ने निर्धारण गर्छ, हदम्यादले कहिलेसम्म न्याय माग्न पाइन्छ भन्ने सीमा तोक्छ र क्षेत्राधिकारले कुन निकायले न्याय प्रदान गर्ने हो भन्ने निश्चित गर्दछ। यी तीनवटै अवधारणाको उचित प्रयोगबिना न्यायिक प्रणाली प्रभावकारी रूपमा सञ्चालन हुन सक्दैन।

नेपालको संविधान, प्रचलित कानून तथा सर्वोच्च अदालतका नजीरहरूले यी सिद्धान्तलाई निरन्तर विकास गर्दै आएका छन्। विशेष गरी सार्वजनिक सरोकारका मुद्दामा हकदैयाको विस्तार, हदम्यादको सार्वजनिक नीतिगत महत्व तथा क्षेत्राधिकारको संवैधानिक सीमांकनले नेपालको न्यायशास्त्रलाई समृद्ध बनाएको छ। अन्ततः न्यायमा पहुँच, कानूनी निश्चितता र विधिको शासनको सफल कार्यान्वयन यिनै तीन आधारभूत सिद्धान्तहरूको प्रभावकारी प्रयोगमा निर्भर रहेको छ।

## क्रियाशील ...

नगर, क्षेत्र जिल्ला हुँदै केन्द्रमा आउनुपर्ने लोकतान्त्रिक प्रकृयामा सहभागी हुनु, नयाँहरुले १४औं महाधिवेशनलाई आधार मानेर १५औं महाधिवेशनमा जानुपर्ने अडानले किचलो चलिरहेको छ। १४औं महाधिवेशनबाट आएको र गत २०८३ पुसमा विशेष महाधिवेशनबाट आएको कार्य समितिलाई मर्ज गर्ने कुरा विधान विपरित हुने र आफूले गर्न नसक्ने भनी सभापति थापाले बताएका छन्।

यता, उपसभापति विश्वप्रकाश शर्माले पनि केन्द्रीय सदस्य वा पदाधिकारी बन्न वडा तहबाटै आउनु पर्ने बताएका छन्। काँग्रेसको विशेष महाधिवेशनलाई अवैद्य भन्दै सर्वोच्च अदालतमा निवेदन हाल्नेहरुलाई यो प्रावधानले झड्का लागेको चर्चा चलेको छ।

काँग्रेसमा सभपाति थापाको उचाई र लोकप्रियतालाई देख्न नचाहनेहरु अनामनगरमा समानान्तरु रुपमा पार्टी कार्यालय खोलेर षड्यन्त्रको तानावना बुनिरहेको सम्बद्ध श्रोतले बताएको छ। काँग्रेसमा खासगरी पूर्व उपसभापति पूर्णबहादुर खड्का, वरिष्ठ नेता शेखर कोइराला, शशांक कोइराला, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि, मोहनबहादुर बस्नेत, प्रकाशशरण महत, रमेश लेखक, एन.पी. साउद लगायत विगतमा काँग्रेस सभापति शेरबहादुर देउवाको आशीर्वादबाट प्रशस्त लाभ लिएकाहरुले विरोध गरिरहेको अवस्था छ। यी नेताहरुको विगत आफ्नो र आफ्नाको लागि कृयाशील रहँदा यो अवस्थामा पुगेको नागरिक वृत्तमा चर्चा छ।

## रास्वपाको ...

लम्बिएको समाचार श्रोतले बताएको छ। खासगरी प्रस्तावक र समर्थकहरु आफैं उम्मेदवार बन्न नपाउने नियमले उम्मेदवारहरु आक्रोशित बनेका थिए।

पदाधिकारी बन्न पनि केन्द्रीय सदस्य जित्नुपर्ने प्रावधानले रास्वपामा अन्य पार्टीबाट गएकाहरु माछो-माछो भ्यागुतो बन्न सक्ने चर्चा चलेको छ। कतिपय प्रतिनिधिहरु आक्रोशित हुँदै घर फर्केको र कतिपय अन्तरपार्टीबाट गएकाहरुले पछुतो मानेको समाचार श्रोतले जानकारी दिएको छ।

यता, पार्टी सभापति पछिको शक्तिशाली पद महामन्त्री हत्याउन आकांक्षीहरुको संख्या बढोत्तरी भएको छ। हाल रास्वपाको महामन्त्रीमा रहेका कविन्द्र बुर्लाकोली र भूपदेव शाह यो महाधिवेशनबाट फेरि दोहोरिन चाहेको बताइन्छ। बुर्लाकोटी रवि लामिछाने र शाह प्रधानमन्त्री बालेन निकट मानिन्छन्। पार्टी सभापति लामिछानेले शाहलाई नै ल्याउन चाहे पनि पार्टी प्रवक्ता मनिष झा, विपिन आचार्य, दीपक बोहोरा, हरि ढकाल र सोविता गौतमले पनि महामन्त्रीमा चासो राखेपछि कडा प्रतिस्पर्धा हुने बताइएको छ। बाजी कस्ले मार्छ हेर्न बाँकी छ।

सोबिता गौतमसहित १२ जना र ९९ सय केन्द्रिय सदस्य पदमा करिब ४ सय (३८४) जनाको उम्मेदबारी परको छ।

## सडक ...

राष्ट्रिय सतर्कता केन्द्रमा सरुवा हुने खोजे पनि हुन सकेको थिएन। सरकारले ल्याउन लागेको संघीय निजामती ऐनले पूर्वाधार विकास मन्त्रालय र मातहतको रेल विभागमा गरी तीनजना सुईहरु ३० वर्षे सेवावधिका कारण अवकाशमा जाने भएका छन्। उमेशविन्दु श्रेष्ठ मन्त्रालय, विनोद भौवार (संघीय अनुगमन पूर्वाञ्चल) र हरिकुमार पोखेल महानिर्देशक रेल विभाग रहेको श्रोतले बताएको छ। यी बाहेक बन मन्त्रालयका सहसचिवद्वय राजु सापकोटा र उद्धव घिमिरेले पनि राजीनामा दिएको बताइएको छ।

यसैगरी तात्कालीन खानेपानी मन्त्रालयका ३ जना सहसचिव (जो ३० वर्षेले जाँदै थिए) हरुले पनि राजीनामा गरेको चर्चा चलेको छ। राजीनामा दिनेहरुले सरुवा प्रकृयामा असन्तुष्टि जनाउँदै उपसचिव, शाखा अधिकृत र नायब सुब्बा सरहका कर्मचारीहरु बढी रहेको बताइएको छ। यो हप्ता मात्र झण्डै चार दर्जन कर्मचारीहरुले सेवा सुविधा सुरक्षित गर्न धमाधम राजीनामा दिएका छन्। निजामती नयाँ ऐनले कर्मचारीलाई तरंगित मात्र नबनाई निद हराम बनाएको श्रोतको कथन छ।

## महाधिवेशनमा ...

प्रतिनिधि सूचीमै त्रुटि भएको आरोप लगाए।

महाधिवेशनस्थलमा भेटिएका एक प्रतिनिधि राकेश यादवले भने, "अपेक्षा धेरै थियो। नयाँ पार्टी भएकाले नयाँ अभ्यास पनि देख्न पाइन्छ भन्ने लागेको थियो तर व्यवस्थापनमा अझै धेरै सुधार आवश्यक देखियो।'' यद्यपि आयोजकहरूले यस्ता समस्याहरू ठूलो कार्यक्रम भएकाले स्वाभाविक रहेको तर्क गरेका छन्।

*प्रतिनिधि नामावलीमै विवाद*

महाधिवेशनलाई सबैभन्दा बढी प्रभावित बनाएको विषयमध्ये एक प्रतिनिधि नामावलीसम्बन्धी विवाद पनि हो। कतिपय जिल्ला तथा प्रदेशबाट आएका प्रतिनिधिहरूले आफ्नो नाम छुटेको, केही नामहरू विवादास्पद तरिकाले समावेश गरिएको तथा चयन प्रक्रियामा पर्याप्त पारदर्शिता नभएको आरोप लगाएका छन्। पार्टी नेतृत्वले भने ती आरोपहरूलाई अस्वीकार गर्दै सम्पूर्ण प्रक्रिया विधानअनुसार सम्पन्न भएको जनाएको छ।

विवादले एउटा प्रश्न भने उठाएको छ कि यदि नयाँ राजनीतिक संस्कृतिको दाबी गर्ने पार्टीले आफ्नै प्रतिनिधि व्यवस्थापनमा विवाद झेल्नुपर्छ भने उसले देशव्यापी संस्थागत अभ्यास कसरी स्थापित गर्ला ?

*प्रतिवेदनले नदिएको उत्तर*

महाधिवेशनमा प्रस्तुत राजनीतिक, संगठनात्मक तथा आर्थिक प्रतिवेदनमाथि पनि व्यापक छलफल भइरहेको छ। रास्वपा स्थापना भएको छोटो समयमै राष्ट्रिय राजनीतिमा प्रभावशाली शक्ति बनेको छ। अझैसम्म उसको स्पष्ट वैचारिक पहिचान के हो भन्ने प्रश्नको ठोस उत्तर धेरैले पाएका छैनन्। महाधिवेशनमा पनि यही प्रश्न उठ्यो। पार्टी उदारवादी हो ?, समाजवादी हो ?, मध्यपन्थी हो ?, वा नयाँ प्रकारको वैकल्पिक राजनीतिक प्रयोग ? प्रतिवेदनले यी प्रश्नको स्पष्ट उत्तर दिन नसकेको आरोप कतिपय प्रतिनिधिहरूले लगाएका छन्।

एक युवा प्रतिनिधिले भने, "हामी पुराना दलका विरुद्धमा छौँ भन्ने कुरा मात्र पर्याप्त हुँदैन। हामी केका पक्षमा छौँ भन्ने पनि स्पष्ट हुनुपर्छ।''

*स्वर्णिमको प्रस्तावले हल्लायो बहस*

महाधिवेशनमा प्रस्तुत भएका विचारहरूमध्ये सबैभन्दा धेरै चर्चा उपसभापति स्वर्णिम वाग्लेले उठाएको प्रदेशसभा खारेजीको प्रस्तावले पायो। वाग्लेले प्रदेश संरचनाले अपेक्षित परिणाम दिन नसकेको, खर्च बढाएको र प्रशासनिक जटिलता सिर्जना गरेको तर्क गर्दै पुनर्विचारको आवश्यकता औंल्याएका थिए। उनको प्रस्तावले प्रतिनिधिहरूलाई दुई धारमा विभाजित गरिदियो।

एक समूहले यसलाई साहसी र यथार्थपरक बहस भनेको छ। अर्को समूहले भने संघीय व्यवस्थाको मूल मर्ममाथि प्रश्न उठाउने प्रयासका रूपमा व्याख्या गरेको छ। यस सम्बन्धमा राजनीतिक विश्लेषक भुवानी मुडभरी भन्छन्, "संघीयताको कार्यान्वयनमा कमजोरी छन् तर समाधान प्रदेश नै हटाउनु हो भन्ने निष्कर्षमा पुग्न हतार गर्न हुँदैन।''

*गगनको भाषणले जित्यो महाधिवेशन*

उद्घाटन समारोहमा सहभागी वक्तामध्ये सबैभन्दा धेरै चर्चा नेपाली कांग्रेसका सभापति गगन थापाको सम्बोधनले पायो। थापाले औपचारिक शुभकामना मात्र दिएनन्। उनले रास्वपाका नेता-कार्यकर्ताहरूलाई राजनीतिक दल निर्माणका कठिनाइ, लोकतान्त्रिक संघर्षको इतिहास तथा संगठन निर्माणको महत्वबारे विस्तृत रूपमा बोले। चितवनको राजनीतिक इतिहास, कांग्रेसले भोगेका संघर्ष तथा सहादतका प्रसंग उल्लेख गर्दै उनले नयाँ पुस्ताका राजनीतिज्ञहरूलाई इतिहाससँग जोडिन आग्रह गरे।

उनले भनेका थिए, "निर्वाचन जित्नु एउटा उपलब्धि हो, तर संस्था निर्माण गर्नु अझ कठिन काम हो।'' त्यति मात्र होइन, उनले रास्वपाको वर्तमान सफलतालाई खुलेर स्वीकार गरे। "जनताले तपाईंहरूलाई विश्वास गरेका छन्। त्यो विश्वासलाई हामी सम्मान गर्छौं," उनले भने, "तर राजनीतिक प्रतिस्पर्धा जारी रहन्छ। कांग्रेस अझ बलियो भएर जनतामाझ फर्किने प्रयासमा छ।'' उनको सम्बोधनपछि महाधिवेशनस्थलमा लामो समयसम्म चर्चा चलिरह्यो।

*हुटिङ, संस्कारमाथि प्रश्न*

उद्घाटन समारोहकै अर्को चर्चित घटना एमाले नेता प्रदीप ज्ञवालीमाथि भएको हुटिङ थियो। ज्ञवाली बोल्न उभिँदा केही कार्यकर्ताहरूले असन्तुष्टि जनाउँदै हुटिङ गरेका थिए। कार्यक्रममा उपस्थित धेरै प्रतिनिधिहरूले त्यसलाई अस्वीकार्य व्यवहारको रूपमा लिए। "हामी नयाँ राजनीतिक संस्कृतिको कुरा गर्छौं भने फरक विचार सुन्न सक्ने क्षमता पनि हुनुपर्छ," एक प्रतिनिधिले भने। यो घटनाले रास्वपाले प्रचार गर्ने राजनीतिक संस्कार र व्यवहारबीचको दूरीबारे पनि प्रश्न उठाएको छ।

*बालेनको स्पष्टीकरण*

महाधिवेशनमा प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को सम्बोधन पनि उत्तिकै चासोको विषय बन्यो। संसदमा उनले केही समयअघि दिएको सीमासम्बन्धी अभिव्यक्तिले विवाद उत्पन्न गरेको थियो। महाधिवेशनमा उनले आफ्नो धारणा स्पष्ट पार्ने प्रयास गरे। उनले राष्ट्रिय हित, सार्वभौमिकता र जिम्मेवार कूटनीतिक सम्बन्धबीच सन्तुलन आवश्यक रहेको बताउँदै आफ्नो भनाइलाई फरक ढंगले व्याख्या गरिएको संकेत गरे। यसलाई समर्थकहरूले स्पष्टिकरण भनेका छन् भने आलोचकहरूले क्षति नियन्त्रणको प्रयासका रूपमा व्याख्या गरेका छन्।

*विभाजनको बिज रोपियो ?*

महाधिवेशन सकिँदै गर्दा एउटा प्रश्न अझै जीवित छ कि के रास्वपा थप एकताबद्ध भएर निस्कन्छ, वा यही महाधिवेशनले भविष्यको आन्तरिक संघर्षको बिज रोपिदिएको छ ? रवि लामिछानेले नेतृत्व निरन्तरता पाउने लगभग निश्चित छ। बालेनले पनि कुनै विद्रोही संकेत दिएका छैनन्। नेतृत्व वरिपरि निर्माण हुँदै गएको मनोवैज्ञानिक ध्रुवीकरण, उम्मेदवारी प्रक्रियामा देखिएको प्रतिस्पर्धा, वैचारिक अस्पष्टता तथा समूहगत चर्चाहरूले भविष्यका सम्भावित तनावका संकेत भने दिएका छन्। चितवनको यो महाधिवेशनले तत्कालका लागि रविलाई पुनः स्थापित गर्न सक्छ। महाधिवेशनले छोडेर जाने सबैभन्दा ठूलो प्रश्न सम्भवतः यही हुनेछ कि रास्वपाको भविष्य केवल रविको नेतृत्वमा सुरक्षित हुन्छ कि बालेनको प्रतीक्षामा बसेको अर्को अध्याय पनि शुरु भइसकेको छ ?

अहिलेलाई चितवनमा देखिएको दृश्य यही हो कि मञ्चमा रवि छन्, हलमा समर्थकहरू छन्, तर राजनीतिक क्षितिजमा बालेनको छाया पनि उत्तिकै गहिरो छ। त्यही छायाभित्र रास्वपाको भविष्यको अर्को कथा विस्तारै लेखिँदै गएको संकेत देखिन थालेको छ।

## एमालेभित्र ...

गरेका छन्। राजनीतिक प्रतिद्वन्द्वीहरूले यस्ता विषय उठाउने गरे पनि हालसम्म अदालतबाट अन्तिम रूपमा दोषी ठहर गर्ने निर्णय सार्वजनिक भएको अवस्था छैन। यस्ता आरोपहरूले उनको राजनीतिक छविमा दबाब सिर्जना गर्ने प्रयास भने भइरहेको देखिन्छ।

एमालेभित्र अर्को रोचक पक्ष भनेको ओलीपछिको नेतृत्वबारे बढ्दो चासो हो। पार्टीभित्रका केही नेता र कार्यकर्ताहरूले लामो समयदेखि एउटै नेतृत्वमा केन्द्रित संरचनालाई पुनर्विचार गर्नुपर्ने धारणा राख्दै आएका छन्। यही सन्दर्भमा पौडेल, उपाध्यक्षहरू तथा अन्य प्रभावशाली नेताहरूको नाम सम्भावित उत्तराधिकारीका रूपमा चर्चा हुने गरेको छ। पौडेल स्वयंले सार्वजनिक रूपमा ओलीविरुद्ध मोर्चाबन्दी गरेको संकेत दिएका छैनन्। बरु उनले अधिकांश समय अध्यक्षको निर्णयलाई साथ दिँदै आएका छन्। त्यसैले "ओलीको विकल्प खोज्न पौडेल खुलेरै सक्रिय छन्'' भन्ने दाबीलाई पुष्टि गर्ने ठोस सार्वजनिक प्रमाण भने सीमित छ।

यसैबीच पूर्वराष्ट्रपति विद्या भण्डारीको सक्रियता पनि एमाले राजनीतिमा चासोका साथ हेरिएको छ। राष्ट्रपतिको कार्यकाल सकिएपछि उनी विभिन्न सार्वजनिक कार्यक्रम, भेटघाट र पार्टी निकट गतिविधिमा देखिन थालेकी छन्। भण्डारी एमालेको पुरानो नेतृत्व पंक्तिसँग निकट सम्बन्ध राख्ने नेतृका रूपमा चिनिन्छिन्। त्यसैले उनको हरेक सार्वजनिक अभिव्यक्ति र उपस्थितिलाई एमालेभित्रको शक्तिसन्तुलनसँग जोडेर विश्लेषण गर्ने प्रवृत्ति बढेको छ।

कतिपय विश्लेषकहरूका अनुसार भण्डारीको सक्रियता केवल वैचारिक र संगठनात्मक योगदानको निरन्तरता हुन सक्छ भने अर्को धारले यसलाई भावी नेतृत्वको बहससँग पनि जोडेर हेर्ने गरेको छ। विशेष गरी पार्टीभित्र ओलीपछिको नेतृत्व कसले सम्हाल्ने भन्ने प्रश्न अझै स्पष्ट रूपमा समाधान नभएको अवस्थामा भण्डारीको उपस्थितिले विभिन्न राजनीतिक सन्देश दिने गरेको बुझाइ छ।

एमालेभित्र तत्काल कुनै खुला विद्रोह वा विभाजनको अवस्था नदेखिए पनि नेतृत्व हस्तान्तरण, दोस्रो पुस्ताको भूमिका र भावी राजनीतिक दिशा सम्बन्धी बहस क्रमशः गहिरिँदै गएको संकेतहरू देखिन थालेका छन्। अध्यक्ष ओली अझै पनि पार्टीको सबैभन्दा प्रभावशाली केन्द्रमा रहे पनि पौडेल लगायतका नेताहरूको बढ्दो सक्रियता र विद्या भण्डारीको सार्वजनिक उपस्थितिले एमालेभित्र भावी शक्ति-समीकरणबारे नयाँ प्रश्नहरू उब्जाइरहेका छन्।

यसैबीच उपाध्यक्ष पौडेलमाथि सम्पत्ति शुद्धीकरणको मुद्दा पेश गर्ने तयारीमा विभाग लागेको छ। पार्टीको कार्यक्रममा गएका बेला पौडेललाई सुर्खेतबाट हिरासतमा लिई अदालतबाट म्याद लिने कार्य हुँदै आएको छ। उता, पौडेललाई अनधिकृत रुपमा बन्दी बनाइएको भन्दै त्यस विरुद्धमा बन्दी प्रत्यक्षीकरणको रिट सर्वोच्च अदालतमा परेको छ। सोही रिटको विषयलाई लिएर हिजो विहीबार अदालतले कारण देखाऊ आदेश जारी गरेको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly




# मुन्द्रेको संघर्ष कथाले खोज्दैछ दर्शकको साथ




काठमाडौं/ नेपाली मनोरञ्जन क्षेत्रका चर्चित कलाकार जितु नेपाल अभिनीत चलचित्र 'आई एम जित बहादुर' यतिबेला प्रदर्शनरत छ। लामो समयदेखि 'मुन्द्रे' पात्रका माध्यमबाट दर्शकमाझ लोकप्रिय बनेका जितु नेपालका लागि यो चलचित्र केवल अभिनयको अर्को परियोजना मात्र होइन, उनको कलाकारिता र संघर्षपूर्ण जीवनयात्रासँग जोडिएको भावनात्मक अभिव्यक्ति पनि हो।

चलचित्रले एक सामान्य व्यक्तिको असामान्य संघर्षलाई केन्द्रमा राखेको दर्शकहरुले बताएका छन्। सीमित अवसर, आर्थिक अभाव र सामाजिक चुनौतीबीच आफ्नो पहिचान स्थापित गर्न खोज्ने पात्रको कथा दर्शकसामु प्रस्तुत गरिएको बताइएको छ। कथाले सफलता एकाएक प्राप्त हुने उपलब्धि नभई निरन्तर मेहनत, धैर्य र आत्मविश्वासको परिणाम हो भन्ने सन्देश दिन खोजेको देखिन्छ। यही कारणले चलचित्रले विशेषगरी मध्यमवर्गीय र ग्रामीण पृष्ठभूमिका दर्शकसँग भावनात्मक सम्बन्ध गाँस्ने प्रयास गरेको छ।

नेपाली चलचित्र उद्योग पछिल्लो समय विविध कथाबस्तु र नयाँ प्रयोगतर्फ उन्मुख भइरहेका बेला 'आई एम जित बहादुर' ले भने आम मानिसको जीवनभोगाइलाई केन्द्रमा राखेको छ। चमकधमकभन्दा संघर्षलाई प्राथमिकता दिइएको यस चलचित्रमा दर्शकले आफू र आफ्नो समाजको प्रतिविम्ब देख्न सक्ने आधारहरू प्रशस्त छन्। यही पक्षले चलचित्रलाई केवल मनोरञ्जनको साधन नभई प्रेरणामूलक कथाका रूपमा पनि उभ्याएको छ।

चलचित्रको व्यापारिक यात्राचाहिँ अपेक्षाअनुसार सहज देखिएको छैन। प्रदर्शन अवधिसँगै विश्व फुटबलको माहोल चुलिएकाले मनोरञ्जन बजारको ठूलो हिस्सा खेलप्रेमीतर्फ मोडिएको छ। नेपालमा विश्वकप वा अन्य ठूला अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताको समयमा चलचित्र हलहरूमा दर्शकको चाप घट्ने प्रवृत्ति नयाँ होइन। विशेषगरी चर्चित टोलीबीचका खेल हुने दिनमा मानिसहरू सिनेमा हलभन्दा टेलिभिजन स्क्रीन वा सार्वजनिक प्रदर्शनस्थलतर्फ आकर्षित हुने गरेका छन्।

यही परिस्थितिको प्रत्यक्ष असर 'आई एम जित बहादुर' मा पनि परेको देखिन्छ। साँझ र रातका शोहरूमा दर्शकको उपस्थिति अपेक्षाकृत कमजोर रहँदा चलचित्रले प्रारम्भिक दिनमै ठूलो व्यापारिक गति लिन सकेको छैन। सप्ताहन्त र बिदाका दिनमा पारिवारिक दर्शकको उपस्थितिले केही राहत दिएको चलचित्र क्षेत्रका जानकारहरू बताउँछन्।

विश्लेषकहरूका अनुसार चलचित्रको मुख्य शक्ति जितु नेपालको स्थापित लोकप्रियता र कथाको भावनात्मक धरातल हो। दर्शकले पर्दामा केवल एउटा पात्र मात्र होइन, संघर्षबाट स्थापित बनेको कलाकारको प्रतिबिम्ब पनि देख्ने अवसर पाएका छन्। यही कारणले चलचित्रप्रति सकारात्मक जिज्ञासा कायम रहेको देखिन्छ। विश्वकपको प्रभाव कम हुँदै जाँदा चलचित्रको व्यापारिक अवस्थाले नयाँ मोड लिन सक्ने अपेक्षा गरिएको छ। सामाजिक सञ्जालमा प्राप्त प्रतिक्रियाहरू, दर्शकबीच फैलिने मुखे प्रचार र पारिवारिक दर्शकको आकर्षणले आगामी दिनमा चलचित्रलाई थप बल पुऱ्याउन सक्ने सम्भावना छ।

नेपाली चलचित्र बजारमा स्टारडमभन्दा कथाबस्तु महत्वपूर्ण बन्दै गएको वर्तमान परिवेशमा 'आई एम जित बहादुर' को सफलता वा असफलता केवल बक्स अफिसको अंकगणितले मात्र तय गर्ने छैन। बरु संघर्ष, सपना र आत्मविश्वासको कथा दर्शकले कति आत्मसात् गर्छन् भन्ने कुराले यसको वास्तविक मूल्यांकन गर्नेछ। विश्वकपको तीव्र प्रतिस्पर्धी माहोलबीच पनि आफ्नो ठाउँ खोजिरहेको यो चलचित्रका लागि आगामी केही साता निर्णायक बन्ने देखिन्छ।










Chief-Editor/Publisher : Koushal Kumar Bhattarai, Editor : Krishna Lamsal Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel,
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-5367064, Email : nayabimarsha@gmail.com